२०७६।५।५

# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

आर्थिक वर्षः २०७६/०७७

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाण्डौं

# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

## १. परिचय

प्राकृतिक सौन्दर्यको दृष्टिकोणले बिशेष महत्व बोकेको स्थानहरुको संरक्षण, सम्बर्दन तथा व्यबस्थापन, वन्यजन्तुहरुको बासस्थान संरक्षण, चोरी शिकार र अबैध ब्यापार नियन्त्रण गरि प्राप्त उपलब्धिबाट प्रभावित जनताको जिबिकोपार्जनमा टेवा पुराउने उद्देश्यले संरक्षित क्षेत्रको ब्यबस्थापन गरिन्छ । संरक्षित क्षेत्रहरुले लोपोन्मुख, दुर्लभ र संकटापन्न वन्यजन्तु तथा वनस्पतिहरुको दीगो संरक्षण तथा ब्यबस्थापनमा महत्वपूर्ण भूमिका निभाएका छन् । त्यसैले मुलुकमा विद्यमान विभिन्न पारिस्थितिकीय प्रणालीहरुको (Ecosystem) प्रतिनिधित्व हुने गरि संरक्षित क्षेत्रहरुको स्थापाना गरिएको छ ।

आर्थिक वर्ष ०७६/७७ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गतका कार्यालयबाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्यान्वयनका लागि मार्गदर्शन तयार गरी लागु गरिएको हो । यस आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रम/आयोजनाहरु निम्नासुसार रहेका छन् ।

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

२. राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना

३. हात्तिसार आयोजना

४. प्रकृतिमा आधारित पर्यटन कार्यक्रम

५. सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रम

## २. कार्यक्रम कार्यान्वयन क्षेत्र

### १. राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना (३२९०३१०१)

| | | | |
|---|---|---|---|
| १. | चितवन राष्ट्रिय निकुन्ज | २. | बांके राष्ट्रिय निकुन्ज |
| ३. | बर्दिया राष्ट्रिय निकुन्ज | ४. | शुक्लाफाँटा राष्ट्रिय निकुन्ज |
| ५. | पर्सा राष्ट्रिय निकुन्ज | ६. | कोशीटप्पु वन्यजन्तु आरक्ष |
| ७. | राष्ट्रिय निकुन्ज तथा वन्यज्तु संरक्षण विभाग | ८. | शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्ज |
| ९. | लामटाङ राष्ट्रिय निकुन्ज | १०. | सगरमाथा राष्ट्रिय निकुन्ज |
| ११. | मकालु वरुण राष्ट्रिय निकुन्ज | १२. | रारा राष्ट्रिय निकुन्ज |
| १३. | शे-फोकसुण्डो राष्ट्रिय निकुन्ज | १४. | खप्तड राष्ट्रिय निकुन्ज |
| १५. | ढोरपाटन शिकार आरक्ष | १६. | अपिनम्पा संरक्षण क्षेत्र |
| १७. | कृष्णसार संरक्षण क्षेत्र | १८. | कंचनजंघा संरक्षण क्षेत्र |
| १९. | अन्नपुर्ण संरक्षण क्षेत्र सम्पर्क कार्यालय | २०. | मनासलु संरक्षण क्षेत्र सम्पर्क कार्यालय |
| २१ | गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय | | |

### २. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०३०११)

| | | | |
|---|---|---|---|
| १. | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | २. | राष्ट्रिय प्राणी उद्यान केन्द्र |
| | भानुभक्त प्राणी उद्यान | ४. | पर्सा राष्ट्रिय निकुन्ज |
| | चितवन राष्ट्रिय निकुन्ज | ६. | खप्तड राष्ट्रिय निकुन्ज |
| | अपिनम्पा संरक्षण क्षेत्र | ८ | गौरीशंकर संरक्षण क्षेत्र |

## ३. हात्तिसारहरु (३२९०३०१३)


| | | | |
|---|---|---|---|
| १. | चितवन राष्ट्रिय निकुन्ज | २. | बांके राष्ट्रिय निकुन्ज |
| ३. | बर्दिया राष्ट्रिय निकुन्ज | ४. | शुक्लाफाँटा वन्यजन्तु आरक्ष |
| ५. | पर्सा वन्यजन्तु आरक्ष | ६. | कोशी टप्पु वन्यजन्तु आरक्ष |

## ४. सिमसार व्यवस्थापन कार्यक्रम (३२९०३९०२)

| | | | |
|---|---|---|---|
| १. | चितवन राष्ट्रिय निकुन्ज | २. | बर्दिया राष्ट्रिय निकुन्ज |
| ३. | शुक्लाफाँटा राष्ट्रिय निकुन्ज | ४. | पर्सा राष्ट्रिय निकुन्ज |
| ५. | अन्नपुर्ण संरक्षित क्षेत्र | ६. | कोशी टप्पु वन्यजन्तु आरक्ष |
| ७. | लामटाङ राष्ट्रिय निकुन्ज | ८. | सगरमाथा राष्ट्रिय निकुन्ज |
| ९. | रारा राष्ट्रिय निकुन्ज | १० | शे-फोकसुण्डो राष्ट्रिय निकुन्ज |

## ५. प्रकृतिमा आधारित पर्यटन कार्यक्रम (३२९०११०४)

| | | | |
|---|---|---|---|
| १. | पर्सा राष्ट्रिय निकुन्ज | २. | शुक्लाफाँटा राष्ट्रिय निकुन्ज |




## ५. कार्यक्रम अनुगमन

फिल्ड स्थित कार्यालयका कार्यालय प्रमुखले नियमीत रुपमा सञ्चालनमा रहेका कृयाकलापहरुको अनुगमन गर्नेछ । कृयाकलाप सम्पन्न पश्चात सम्बन्धित कार्यालयले कार्यक्रम सम्पन्न अभिलेख पुस्तिका तयार गर्नुपर्नेछ । राष्ट्रिय निकुञ्ज

६. संरक्षित क्षेत्रमा सञ्चालन गरिने कृयाकलापहरु
(अ) राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना

**क. वन्यजन्तुको बासस्थान संरक्षण तथा सुधार**

**१. घाँसेमैदान निर्माण**

**स्थान: पर्सा, चितवन, बाँके, बर्दिया, शुक्ला राष्ट्रिय निकुञ्ज**

**क्रियाकलाप**:संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तुहरुका लागि दैनिक रुपमा आवश्यक पर्ने विभिन्न प्रजातिका घाँसहरु उत्पादन गर्ने तथा प्राकृतिक रुपमा व्यस्थापन गर्ने कार्यका लागि यो क्रियाकलापको व्यबस्था गरिएको हो । यस अन्तर्गत भइरहेको घाँसेमैदान भन्दा अन्य वन क्षेत्रमा रहेका रुखहरु हटाउने, पलाउने प्रजातिहरुलाई काट्ने, आगो लगाउने तथा जरैसम्म उखेल्ने जस्ता कार्यहरु गरी घांसे मैदान निर्माण गरिन्छ । यो कार्य गर्दा आवश्यकता, कार्य प्रकृति र मितव्ययीता समेतलाई हेरी मानिस लगाएर वा मेशिनरी औजार समेत प्रयोग गरेर गर्न सकिनेछ । घाँसे मैदान निर्माण गर्दा पानीको श्रोतलाई मध्यनजर राखि निर्माण गरिने हुँदा पानी पोखरी निर्माण कार्य समेत यही घाँसे मैदानको आसपासमा गरिनेछ । आ.ब. २०७६।७७ को प्रथम चौमासिक अबधिमा घाँसे मैदान निर्माणको लागी उपयुक्त स्थान छनोट, लागत अनुमान तयार गरी ४२० हेक्टर घाँसे मैदान निर्माण गरिने छ भने दोश्रो र तेश्रो चौमासिक अबधिमा क्रमश:५४०, ५४० हेक्टर निर्माण गरी कुल १५०० हेक्टर घाँसे मैदान निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**: संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायकबाट गरिनेछ ।

**बजेट व्यवस्थापन**: घाँसेमैदान निर्माण कार्यका लागि रु.७ करोड ५० लाख बजेट व्यवस्था गरिएको छ ।

**उपलव्धी**: १५०० हे. घाँसे मैदान निर्माण भई वन्यजन्तुका लागि आहारा उपलब्ध भएको हुने ।

**२. घाँसेमैदान व्यवस्थापन (मर्मत सुधार)**

**स्थान: चितवन, बाँके, बर्दिया, शुक्ला, पर्सा रा.नि. र कोशीटप्पु व.ज.आ.**

**क्रियाकलाप**:संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तुहरुका लागि दैनिक रुपमा आवश्यक पर्ने विभिन्न प्रजातिका घाँसहरु उत्पादन गर्ने तथा प्राकृतिक रुपमा व्यस्थापन गर्ने कार्यका लागि यो क्रियाकलापको व्यबस्था गरिएको हो । यस अन्तर्गत भई रहेको घाँसे मैदानमा सालवसालि रुपमा उम्रने, पलाउने प्रजातिहरुलाई काट्ने, आगो लगाउने तथा जरैसम्मा उखेल्ने जस्ता कार्यहरु गरिन्छ । यो कार्य गर्दा आवश्यकता, कार्य प्रकृति र मितव्ययीता समेतलाई हेरी मानिस लगाएर वा मेशिनरी औजार समेत प्रयोग गरेर गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**: संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायकबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**: घांसे मैदान व्यवस्थापन कार्यका लागि रु. १,७७,५०,०००।- बजेट विनियोजन रहेको छ ।

**उपलव्धी**: ५८० हे. घाँसे मैदान व्यवस्थापन भई वन्यजन्तुका लागि आहारा उपलब्ध भएको हुने ।

**३. खर्क व्यवस्थापन**

**स्थान: लामटाङ, रारा, शे-फोक्सुण्डो रा.नि. , ढोरपाटन शिकार आरक्ष र कंचनजंघा सं.क्षे.**

**क्रियाकलाप**:तराईका संरक्षित क्षेत्रहरुमा घाँसे मैदान निर्माण तथा मर्मत गरे जस्तै पहाडी तथा हिमाली क्षेत्रका संरक्षित क्षेत्रहरुमा खर्क ब्यबस्थापन कार्य गरिने छ | यस कार्यक्रमको उद्देश्य पनि पहाडी तथा हिमाली क्षेत्रमा पाइने हर्विभोरस प्रजातिका जनावरलाई आवश्यक पर्ने घाँस को ब्यबस्थापन गर्नु हो | यस अन्तर्गत वन क्षेत्रमा रहेका अनावश्यक प्रजातिका रुखहरु हटाउने, मिचाहा प्रजाति हटाउने, साल बसाली रुपमा पलाउने/ उम्रने बिरुवाहरु काट्ने, जरै सम्म उखेल्ने, आगो लगाउने आदि कार्यहरु पर्दछन | कुनै कुनै स्थानमा बैज्ञानिक अध्ययनका लागि खर्कहरुलाई तारवार तथा घेरावार लगाई

व्यबस्थापन गर्ने पनि गरिन्छ | यो क्रियाकलाप गर्दा स्थान छनोटदेखि कार्यक्रम सम्पन्न गर्दासम्म सकेसम्म स्थानीय समुदायलाई सहभागी गराइने छ |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायकबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:**खर्कव्यवस्थापन कार्यका लागि रु. ९,२५,०००।-.वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ३७ हे. खर्क व्यवस्थापन भई वन्यजन्तुका लागि आहारा उपलब्ध भएको हुने ।

४. **मिचाहा प्रजाती नियन्त्रण**

**स्थान: पर्सा रा.नि. र कृष्णसार संरक्षण क्षेत्र**

**क्रियाकलाप:**बदलिँदो जलवायू परिवर्तनका कारण बाह्य प्रजातिहरूले स्थानीय प्रजातिहरुलाई विस्थापित गरि आफ्नो स्थान लिने गरेको पाइन्छ | खास गरि तराइका संरक्षित क्षेत्रहरुमा माइकेनिया, वनमारा, जस्ता प्रजातिहरूले स्थानीय प्रजाति हरुलाई बिस्थापित गरि ब्यापक रुपमा वन्यजन्तुको बासस्थानमा प्रभाव पारेको छ | यिनै मिचाहा प्रजातिहरुलाई हटाइ स्थानीय प्रजातिहरुलाई बढावा दिने कार्यको लागि यो क्रियाकलाप संचालन गरिने छ | यस कार्यमा माइकेनिया उखेल्ने, वनमारा हटाउने, सिमसार क्षेत्रमा रहेका जलकुम्भी हटाउने जस्ता कार्यहरु गरिने छ |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायकबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** मिचाहा प्रजाति नियन्त्रणका लागि रु. ८,५०,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ३५ हे. वनक्षेत्र तथा घांसे मैदान क्षेत्रमा रहेका मिचाहा प्रजाती हटाई वन्यजन्तुका लागि आवश्यक घाँसहरु आउने वातावरण सिर्जना भएको हुने ।

५. **वन डढेलो व्यवस्थापन**

**क्रियाकलाप:**वन डढेलोबाट वन क्षेत्रमा पाइने वन्यजन्तु एवं बनस्पतिहरुलाइ पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न र आगलागीबाट हुन सक्ने सम्भावित मानवीय क्षतिलाइ रोक्नु यस क्रियाकलापको उद्देश्य हो। यस अन्तर्गत डढेलो लाग्नु अघि नै नियन्त्रित रुपमा आगो लगाउने, डढेलो नियन्त्रणका लागि पानी पोखरी निर्माण गर्ने, अग्नीरेखा निर्माण गर्ने, डढेलो नियन्त्रणका लागि कर्मचारी, मध्यवर्ती क्षेत्रका उपभोक्ताहरुलाई तालिम दिने, वन डढेलो नियन्त्रणका सामाग्री व्यवस्था गर्ने , अनियन्त्रित रुपमा लागेको डढेलोलाई सेना, प्रहरी तथा नागरिक समाज समेतको समन्वयमा नियन्त्रण गर्ने, वन डढेलो लाग्न बाट जोगाउन जनचेतनाका लागि प्रचार प्रसार (पर्चा, पम्प्लेट प्रकासन) गर्ने, स्थानीय एफ.एम.बाट प्रसारण गर्ने, डढेलो लाग्न बाट जोगाउन सुराकीहरु परिचालन गर्ने, र डढेलो नियन्त्रण कार्यमा महत्वपुर्ण भूमिका निर्वाह गर्ने ब्यक्ति, संघ, संस्थालाइ पुरस्कृत गर्ने कार्यहरु गरिने छ |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै सुरक्षा निकाय र स्थानीय समुदायलाई पनि परिचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** वन डढेलो व्यवस्थापन कार्यका लागि रु. ९७,७०,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:**यो वन डढेलो व्यवस्थापन कार्यबाट संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तु र वनस्पतिहरुमा पर्ने नकरात्मक असरहरु न्यूनिकरण हुनुको साथै वन्यजन्तुको बासस्थान स्वस्थ पारिस्थितिकिय प्रणालीको विकास गर्ने कार्यमा टेवा पुग्नेछ।

६. **पानी पोखरी निर्माण**

**स्थान: चितवन, बाँके, रारा रा.नि. कोशीटप्पु व.ज.आ, कृष्णसार र कंचनजंघा सं.क्षेत्र**

**क्रियाकलाप:** संरक्षित क्षेत्रहरुका धेरै भू-भागहरु भावर तथा भित्री मधेश क्षेत्रमा रहेको हुँदा वन्यजन्तुका लागि नियमति रुपमा आवश्यक पर्ने पानीको अभाव हुने भएकोले स्थायी पानीका स्रोतहरु भन्दा अन्य स्थानमा खानेपानीका लागि र

वन्यजन्तुलाई आहाल बस्ने प्रयोजनका लागि पानीको ब्यबस्थापन गर्नु अत्यावश्यक देखिन्छ | वन्यजन्तुहरु पानीको लागि गाउ बस्ति हुँदै खोलासम्म पुग्नु पर्दा शिकारीको आक्रमणमा परी मृत्यु हुने सम्भावना पनि रहन्छ | त्यसैले संरक्षित क्षेत्रभित्र पोखरी निर्माण गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत वन्यजन्तुको चहलपहल बढी हुने, घाँसे मैदानको आसपासका क्षेत्रमा पानी लामो समय सम्म रहि रहने किसिमबाट वन्यजन्तु मैत्री पानी पोखरीहरु निर्माण गरिनेछन् |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** पानी पोखरी निर्माणकार्यका लागि रु.५४,००,०००|- बजेट विनियोजन भएको छ ।

**उपलव्धी:** २३ वटा पानी पोखरी निर्माण भई वन्यजन्तुलाई पानी उपलब्ध भएको हुने ।

## ७. पानी पोखरी मर्मत सुधार

**स्थान: चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा, पर्सा, कोशी, शिवपुरी नागार्जुन, लामटाङ, सगरमाथा, मकालु बरुण, रारा, शे-फोक्सुण्डो, खप्तड, अपिनम्पा, कृष्णसार ।**

**क्रियाकलाप:**वन्यजन्तुका लागि पानी व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्मण भएका पोखरीहरु वन्यजन्तु आवात जावत गर्दा भत्किएका, पोखरीहरुबाट पानी चुहिएका झार पातपतिंगरले भरिएका पोखरीहरु समय समयमा मर्मत सभार गर्नु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** पानी पोखरी मर्मतकार्यका लागि रु.२,११,९५,०००|-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** २१२ पानी पोखरी मर्मत भई वन्यजन्तुका लागि पानी नियमीत रुपमा उपलब्ध भएको हुने ।

## ८. ताल तलैया सिमसार क्षेत्र व्यवस्थापन

**स्थान:शुक्लाफाँटा, लामटाङ र खप्तड रा.नि.**

**क्रियाकलाप:**प्राकृतिक रुपमा बगेको पानीलाई छेकबाध लगाउने, सिमसारको घाँसपात हटाउने, सिमसार सरसफाई गर्ने, दलदल जमिनको संरक्षण तथा प्राकृतिक खोला नालाको संरक्षण गरि स्थानीय तथा बसाइ सराइ गरि आउने विभिन्न चरा प्रजाति, सरीसृप तथा अन्य वन्यजन्तुका लागि नियमित पानी उपलब्ध गराई सुरक्षित बासस्थानको ब्यबस्थापन गर्ने आदि उद्देश्यले संरक्षित क्षेत्र तथा यसको मध्यवर्ती क्षेत्रमा यो क्रियाकलाप संचालन गरिने छ | यस अन्तर्गत सिमसार क्षेत्रहरुको मर्मत गर्ने, र सिमसार क्षेत्रको महत्व को बारेमा स्थानीय बासिन्दाहरुलाई प्रशिक्षित गर्ने कार्य समेत पर्दछन |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** ताल तलैया सिमसार क्षेत्र व्यवस्थापनकार्यका लागि रु.१४,५०,०००|- वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** ८ वटा मुख्य सिमसार क्षेत्र (तालतलैयाहरु) व्यवस्थापन भई वन्यजन्तुका लागि पानी नियमीत उपलब्ध भएको हुने । सिमसार क्षेत्रको जैविक विविधता संरक्षण भएको हुने । भूक्षय नियन्त्रणमा सहयोग पुगेको हुने ।

## ९. वन्यजन्तुका पानी पोखरीमा पानी व्यवस्थापन

**स्थान: चितवन, बाँके, रारा, कोशीटप्पु, कृष्णसार, कंचनजंगा**

**क्रियाकलाप:**संरक्षित क्षेत्रभित्र वन्यजन्तुहरुका लागि खानेपानी व्यवस्थापन गर्ने उदेश्यले पानी पोखरीहरु निर्माण गरिएका छन । तर बर्षातको समयमा परेको पानी संधै भरी नरहने र गर्मीको मौसममा छिटै सक्ने हँदा वन्यजन्तहरुलाई बाह्रै महिना

खानेपानी उपलब्ध गराउन यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत ट्यांकर तथा ट्याक्टरबाट पोखरीमा पानी हाल्ने, पाईप जडान गरि पोखरीमा पानी व्यवस्थापन गर्ने, पोखरीको नजिक बोरिङ जडान गरी पानी तानेर पोखरीमा हाल्ने तथा ती कार्यका लागी आवश्यक साधन तथा सामाग्री खरीद गर्ने कार्यहरु गरिनेछन।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** वन्यजन्तुका लागि पानी पोखरीमा पानी व्यवस्थापन कार्यका लागि रु.१,१८,००,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** महत्वपूर्ण स्थानमा निर्माण गरिएका २७ वटा पोखरीहरुमा पानीको नियमीत व्यवस्थापन भएको हुने जसले गर्दा हिउँदको सिजनमा पनि वन्यजन्तुलाई पानी उपलब्ध भएको हुने । भूक्षय नियन्त्रणमा सहयोग पुगेको हुने ।

**१०. अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन**

**स्थान:** पर्सा, शिवपुरी नागार्जुन

**क्रियाकलाप**:संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा भएका अतिक्रमणका कारण वन्यजन्तुको बासस्थान घट्न जाने हुँदा त्यस्ता अतिक्रमित क्षेत्र खालि गर्ने, खालि गरिएका क्षेत्रलाई सुरक्षित राख्ने तथा सम्भावित अतिक्रमण हुन नदिने यस क्रियाकलापको उद्देश्य हो | यस अन्तर्गत अतिक्रमण हटाउने, तारवार लगाउने, वृक्षारोपण गर्ने, अतिक्रमण हुन नदिन सर्वदलीय भेला गर्ने, राजनैतिक तहमा छलफल चलाउने, सुरक्षाकर्मी परिचालन गर्ने, कार्यहरु गरिने छन् | अतिक्रमण हटाउदा बिशेष गरि निम्न चरण का कार्यहरुमा ध्यान दिइने छ:

**पूर्व तयारि कार्य**: अतिक्रमित क्षेत्रको लगत अद्यावधिक गर्ने, नियन्त्रणका लागि योजना तयार गर्ने, कार्य दलको बैठक संचालन गर्ने, जनचेतनामूलक संदेश प्रसारण तथा प्रकाशनका साथै फिल्ड स्तरीय अन्तरक्रिया गर्ने |

**अतिक्रमण नियन्त्रण:** स्थानीय निकायहरुवीच समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा, प्राथमिक उपचार, इन्धन व्यवस्था गरि अतिक्रमण हटाउने।

**पुनर्स्थापना:** योजना तयार, बिरुवाको व्यबस्था तथा वृक्षारोपण, तारवार, हेरालु ब्यबस्था गर्ने |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै सुरक्षा निकाय र स्थानीय समुदायलाई परिचान गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यका लागि रु.४,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ११ हे. अतिक्रमित वन क्षेत्र नियन्त्रण भई घाँस तथा अन्य विरुवा हुर्कने वातावरणको सिर्जना भएको हुने ।

**११. स्थानान्तरण गरिएका अर्नाको ईन्कोल्जर निर्माण तथा विस्तार**

**क्रियाकलाप**:नेपालको कोशीटप्पु वन्यजन्तु आरक्षमा मात्र रहेको संकटापन्न वन्यजन्तु अर्नाको संरक्षण र व्यवस्थापन गर्ने उदेश्यले कोशीटप्पु वन्यजन्तु आरक्ष र सदर चिडियाखानाबाट १५ वटा (३ वटा भाले र १२ वटा पोथी) अर्ना स्थानान्तरण गरी चितवनमा ईन्कोल्जर वनाई राखिएकोमा उक्त इन्कोल्जर हाल साँघुरो भएको र ती अर्नालाई प्राकृतिक वासस्थानमा छाडी हाल्ने अवस्था नभएकोले सो ईन्कोल्जर विस्तार गरी थप निर्माण गर्नु पर्ने भएको हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत भई रहेको सोही ईन्कोल्जरसंग जोडेर थप ईन्कोल्जर निर्माण र अर्नाको लागी उपयुक्त घाँसे मैदान र पानीको व्यवस्था समेत गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** अर्नाको इन्क्लोजर विस्तारका लागि रु.१,००,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ३० हे. क्षेत्र विस्तार भई अर्नाको लागि आवश्यक वासस्थान व्यवस्थापन भएको हुने ।

**१२. कृष्णसारको लागि मौसमी खेती**

**स्थान: कृष्णसार संरक्षण क्षेत्र (खैरापुर)**

**क्रियाकलाप:** बर्दिया जिल्लाको खैरापुरमा मात्र रहेको संकटापन्न वन्यजन्तु कृष्णसारको संरक्षण र व्यवस्थापन गर्ने उदेश्यले १६ हे. क्षेत्रफलमाभित्रका कृष्णसार बाहिर निस्कन नसक्ने र बाहिरका कुकुर लगायत घरपालुवा जनावर भित्र छिर्न नसक्ने गरी तारवार लगाईएको छ। तारवार भित्रका कृष्णसारलाई मौसम अनुसार आवश्यक पर्ने पुरक आहारा व्यवस्था गर्नु पर्ने भएकोले ट्याक्टरबाट जमिन खनी कृष्णसारले मन पराउने घाँस तथा अन्य प्रजातिको खेती गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत जमिन जोती अनावश्यक प्रजातीका घाँस , विरुवा उखेल्ने फाल्ने र मुसुरो, मकै, चना जस्ता खेती गरिन्छ जुन कृष्णसारको लागी खानाको रुपमा प्रयोग हुन्छ। ट्याक्टर चालकको लागि आवश्यक पारिश्रमिक यसै शिर्षकबाट खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ।

**बजेट व्यवस्थापन:** कृष्णसारका लागि मौसमी खेती गर्नेकार्यका लागि रु.१३,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** २ हे. क्षेत्रमा मौसमी खेती लगाई कृष्णासारलाई आवश्यक आहारा उपलब्ध व्यवस्था भएको हुने ।

**१३. प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन**

**स्थान: कंचनजंगा, कोशीटप्पु, ढोरपाटन, बाँके, मकालुबरुण, रारा, शिवपुरीनागार्जुन, शे फोक्सुण्डो, सगरमाथा**

**क्रियाकलाप:** संरक्षित क्षेत्रमा प्रवेश गर्ने पर्यटक तथा भरियाहरुले प्लाष्टिक सामग्रीहरु जथाभावी फाल्दा वन, वन्यजन्तु, बासस्थान तथा वातावरणमा नकारात्मक असर पर्नुका साथै सौन्दर्यतामा समेत राम्रो नदेखिने भएको हुँदा यसको व्यवस्थापनको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। प्लाष्टिकलाई पूर्ण रुपमा बन्द गर्न वा प्रयोग गरिएका प्लाष्टिकहरुलाई व्यवस्थापन गर्ने कार्यहरु यस अन्तर्गत पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यकालागि रु. ९,२५,०००। बजेट व्यवस्था गरिएको छ।

**उपलव्धी:** संरक्षित क्षेत्रमा प्लाष्टिक नियन्त्रण तथा व्यवस्थापन भएको हुने ।

## ख. मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण

**१. मेशजाली सहितको तारवार निर्माण**

**स्थान:**चितवन, बाँके, बर्दिया, शुक्ला, पर्सा र शिवपुरी नागार्जुन रा.नि.

**क्रियाकलाप:**वन्यजन्तुको संख्यामा बृद्धी, संरक्षित क्षेत्रवरीपरी वस्ती विस्तार तथा खानाको कमीका कारण वन्यजन्तुहरु संरक्षित क्षेत्रबाट गाउँ बस्ति तथा आवादिहरुमा निस्कने गर्दा मानवीय क्षतिका साथै अन्नवालीको क्षेती हुनाले मानव वन्यजन्तुवीच द्वन्द बढेको हुदा संरक्षित क्षेत्रबाट त्यस्ता बन्यजन्तुहरु (ठुला वन्यजन्तु हात्तीदेखि साना वन्यजन्तु बँदेलसम्म) गाउँ बस्ति तथा आवादिमा आउने क्रमलाई रोक्नका निमित्त एकातर्फ संरक्षित क्षेत्रभित्र घाँसे मैदान तथा पानी पोखरीहरु निर्माण गर्ने र अर्को तर्फ मध्यवर्ती वन क्षेत्रमा बस्ति तथा आवादिलाई बाहिर पार्दै मेष जाली सहितको तारवार लगाउने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो|

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ। साथै मध्यवर्ती क्षेत्रका उपभोक्ता समितिको पनि सहभागिता रहनेछ।

**बजेट व्यवस्थापन:** मेशजाली सहितको तारवार निर्माण कार्यका लागि रु.८,५०,००,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धीः** वन्यजन्तुबाट प्रभावित क्षेत्रमा ३४ कि.मि. मेशजाली सहितको तारवार निर्माण भई वन्यजन्तुबाट हुने क्षतिमा कमी आएको हुने ।

२. **सोलार फेन्स निर्माण, विद्युतीय तारवार निर्माण**

**स्थानः**कोशीटप्पु व.ज.आ. र पर्सा रा.नि.

**क्रियाकलापः**विशेष गरि जंगली हात्ती गाउ बस्ति तथा आवादिमा आउने क्रमलाई रोक्नका निमित्त बस्ति तथा आवादिलाई भित्र पार्दै बिद्युतीय तारवार लगाउने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो | यो कार्य मध्यवर्ती उपभोक्ता समितिको सहभागितामा गरिने छ |

**जनशक्ति व्यवस्थापनः** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ । साथै मध्यवर्ती क्षेत्रका उपभोक्ता समितिको पनि सहभागिता रहनेछ ।

**बजेट व्यवस्थापनः** सोलार फेन्स निर्माण कार्यका लागि रु.४,१२,००,०००|- वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धीः** हात्तीबाट प्रभावित क्षेत्रमा ४४ कि.मि. विद्युतीय/सोलार तारवार निर्माण भई हात्तीबाट हुने क्षतिमा कमी आएको हुने ।

३. **वन्यजन्तु उद्धार केन्द्र निर्माण तथा व्यवस्थापन**

**स्थानः कोशीटप्पु, चितवन र वर्दिया**

**क्रियाकलापः**एकातर्फ राष्ट्रिय वन क्षेत्र तथा संरक्षित क्षेत्रबाट वन्यजन्तुहरु गाउं वस्तीमा आई स्थानीय बासिन्दाहरुलाई आतंकित पार्दा त्यस्ता वन्यजन्तुहरुलाई यथाशिघ्र नियन्त्रणमा लिई सुरक्षित स्थानमा राख्नु पर्ने हन्छ भने चोरी शिकारीको आक्रमणमा परी घाईते भएका तथा माहुबाट छुट्टिएर टुहुरा वनेका वन्यजन्तुहरुलाई समेत उद्धार गरि प्राकृतिक वासस्थानमा छाड्न उपयुक्त नभएसम्म सुरक्षि स्थानमा राख्नु पर्ने हुंदा यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत ठुला प्रजाती, बाघ, गैडा, चितुवा, अर्ना तथा साना प्रजातीका चित्तल, रतुवा समेतलाई व्यवस्थापन हुने किसिमबाट उद्धार केन्द्रको भवन तथा कोठाहरु निर्माण गरिनेछ। वित्तिय स्रोत र सिकाईका अनुभवबाट साल बसालि रुपमा विस्तार तथा व्यवस्थापन गरिंदै लगिनेछ। वन्यजन्तु उद्धारका लागि आवश्यक उपकरण यसै शिर्षकबाट खरिद गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापनः** यसकार्यका लागि रु.१,१०,००,०००|-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धीः** ३ स्थानमा उद्दार केन्द्र निर्माण भई टुहरा तथा घाइते वन्यजन्तु तथा मानववस्तीमा आई क्षति पुर्‍याउने वन्यजन्तुको उद्दार गरी व्यवस्थापन भएको हुने ।

४. **घाईते टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन**

**क्रियाकलापः**एकातर्फ चोरी शिकारिको आक्रमण तथा ठुला जनावरहरुको आक्रमणका कारण माउबाट छुटेका टुहुरा वन्यजन्तुहरुलाई प्राकृतिक रुपमा बाँच्न सक्ने अवस्था नभएसम्म वन्यजन्तु उद्धार केन्द्रमा राखी पालन पोषण गर्नु पर्ने हुन्छ भने अर्को तर्फ गाउ बस्तिमा निस्की समस्या देखिएका वन्यजन्तुहरुलाई नियन्त्रणमा लिई सुरक्षित साथ् राख्नु पर्ने हुदा यस क्रियालापको व्यवस्था गरिएको हो। यस अन्तर्गत समस्याग्रस्त वन्यजन्तु नियन्त्रण गर्दा प्रयोग गर्ने औषधी, घाईते वन्यजन्तुको उपचार, खाना, केज (खोर) निर्माण लगायत त्यस कार्यमा प्रयोग हुने गाडी, इन्धनखटिंदाका सुरक्षाकर्मी, कर्मचारीहरुको खाना, खाजा समेत पर्दछ।

**जनशक्ति व्यवस्थापनः** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै सुरक्षा निकाय र स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

**बजेट व्यवस्थापन:** यसकार्यका लागि रु.१४,५०,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** टुहुरा, घाइते तथा समस्यामुलक वन्यजन्तुको उद्दार गरी व्यवस्थापन भएको हुने ।

५. **समस्याग्रस्त हात्तीमा रेडियो कलर जडान**

**स्थान:पर्सा रा.नि.**

**क्रियाकलाप:** हात्ती विशेष किसिमको विशाल जनावर भएकोले गाउँ वस्तीमा आई आतंकित पार्ने जंगली हात्तीलाई नियन्त्रणमा लिई उद्धार केन्द्रमा राख्न संभव नहुने हुँदा तिनलाई कर्मचारी तथा सुरक्षाकर्मीले खेदेर जंगल क्षेत्रसम्म पठाउन सकिन्छ। तर ति फेरी पनि रातको समयमा गाउँ बस्तीमा आउन सक्ने र आईरहने भएकोले त्यस्तो समस्यामुलक हात्ती कुन स्थानमा छ, गाउँ बस्ती भन्दा कति नजिक छ, गाउँ बस्ति नजिक आई रहेको छ भने स्थानीय बासिन्दालाई बाहिर ननिस्कन र सुरक्षित स्थानमा रहनका लागि सूचना गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत समस्यामूलक जंगली हात्तीमा रेडिय कलर जडान गरि कार्यालयबाट त्यसको अनुगमन गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै सुरक्षा निकाय र स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.१०,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** समस्यामुलुक हात्तीलाई रेडियो कलर गरी ती हात्तीको विचरण क्षेत्र पहिचान हुने र स्थानीय समुदायलाई सुचना समयमै प्राप्त भई हात्तीबाट हुनसक्ने क्षतिमा कमी आएको हुने ।

६. **वन्यजन्तुबाट टुहुरा वनाईएका बालबालिकालाई छात्रवृत्ती**

**स्थान:चितवन रा.नि.**

**क्रियाकलाप:**संरक्षित क्षेत्रको आसपासमा बसोबास गरेको स्थानीय बासिन्दाहरुलाई बेला बेलामा संरक्षित क्षेत्रबाट निस्केका बन्यजन्तुहरुले आक्रमण गरि मृत्यु समेत गराउने हुँदा मानव वन्यजन्तु वीच-द्वन्द सृजना हुन पुगेका छन भने कतिपय अबस्थामा घरमुलीको मृत्युका कारण तिनका बालबच्चाहरुले कलम, कपी, ड्रेस, झोला जस्ता शैक्षिक सामाग्रीहरु खरिद गर्न नसकि शिक्षा आर्जनबाट वंचित हुनुका साथै संरक्षित क्षेत्र प्रति उनिहरुको नकरात्मक धारणा विकास हुन जाने भएकोले त्यस्ता टुहरा बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययनका लागी छात्रवृत्ती प्रदान गर्न आवश्यक देखि यो क्रियाकलापको व्यवस्था गरिएको हो।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** १० घरपरिवारका १० जना सदस्यले छात्रवृति पाई शिक्षामा पहुँच बढ्नुका साथै संरक्षण प्रति सकारात्मक सोच बृद्धि भएको हुने ।

७. **वन्यजन्तुबाट भएको क्षतीको राहत वितरण**

वन्यजन्तुबाट भएको क्षेतीका लागी "**वन्यजन्तुबाट हुने क्षेतीको राहत सहयोग निर्देशिका २०६९ ( दोश्रो संशोधन,२०७५)** अनुसार पिडितलाई राहत प्रदान गर्नु पर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत निर्देशिका बमोजिम तोकिएका संरक्षित क्षेत्रहरु मार्फत राहत रकम प्रदान गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १०,५०,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** वन्यजन्तुबाट भएको क्षेतीको राहत प्राप्त भई वन्यजन्तु प्रति नकरात्मक सोचमा कमि आउने ।

## ग. वन्यजन्तुको अध्ययन/अनुसन्धान/सर्वेक्षण

### १. घडियाल/कछुवा संरक्षण तथा व्यवस्थापन

**स्थान: चितवन , वर्दिया रा.नि.**

**क्रियाकलाप**:दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्ने उदेश्यले चितवन र वर्दिया राष्ट्रिय निकुञ्जमा घडियाल गोही र कछुवाको प्रजनन केन्द्र स्थापना गरी प्राकृतिक बासस्थानमा छाड्न उपयुक्त भए पश्चात साल वसाली रुपमा छाडिंदै आएको छ। उक्त प्रजनन केन्द्रका घडियाल र कछुवा संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत घडियाल तथा कछुवा संरक्षणका लागि कामदार व्यवस्थापन, घडियालको लागी माछा व्यवस्थापन लगायतका कार्यहरु गरिनेछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै स्थानीय समुदायलाई परिचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ६८,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** दुर्लभ तथा लोपोन्मुख घडियाल, कछुवाको संरक्षण तथा व्यवस्थापन भएको हुने।

### २. गिद्ध संरक्षण तथा व्यवस्थापन

**स्थान: चितवन**

**क्रियाकलाप**:दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्ने उदेश्यले चितवन राष्ट्रिय निकुञ्जमा गिद्ध संरक्षण केन्द्र स्थापना गरी प्राकृतिक बासस्थानमा छाड्न उपयुक्त भए पश्चात साल वसाली रुपमा छाडिंदै आएको छ। उक्त केन्द्र र केन्द्रमा रहेका गिद्धको संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत गिद्ध संरक्षण व्यवस्थापनका लागि केन्द्र (केज) निर्माण तथा व्यवस्थापन, गिद्धको आहारा व्यवस्थापन लगायतका कार्यहरु गरिनेछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट निर्माणका कार्यहरु गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ७५,००,०००।- व्यवस्था रहेको छ।

**उपलब्धी:** दुर्लभ तथा लोपोन्मुख गिद्धको संरक्षण तथा व्यवस्थापन भएको हुने ।

### ३. गैडा, गौरीगाई र नाउर गणना

**स्थान: पर्सा, चितवन , बाँके, वर्दिया, शुक्लाफाँटा (गैंडा गणना), पर्सा (गौरीगाई गणना) र कंचनजङ्घा (नाउर गणना)**

**क्रियाकलाप**:संरक्षण क्षेत्रभित्र रहेका संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु गैंडा, गौरीगाई र नाउरको संरक्षण र ब्यबस्थापनका लागि उनीहरुको संख्या र अवस्था बारे जानकारी हासिल गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत वन्यजन्तुहरुको गणनाका साथै तिनिहरुको अवस्थाको बारेमा जानकारी प्राप्त गरिनेछ। कार्यदल गठन पश्चात फिल्डमा समन्वय गरी गणना सम्बन्धी अभिमुखीकरण कार्य पश्चात फिल्ड कार्य शुरु गरिनेछ । फिल्ड कार्य सम्पन्न गरी तथ्यांक विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ । यसका साथ उपकरण खरिद पनि यसै अन्तर्गत गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै नेपाली सेना र संरक्षण साझेदार संस्थाका प्राविधिकहरु पनि परिचालन गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि नेपाल सरकारको रु.१,१८,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** गैंडा, गौरीगाई र नाउरको गणना कार्य सम्पन्न भई उनीहरुको संख्या र अवस्थाको बारेमा एकिन हुने । साथै प्रजाति संरक्षण कार्ययोजना बनाउन सहयोग पुग्ने ।

४. **बाघको आहारा प्रजातीको अनुगमन**

**स्थान:**पर्सा, चितवन , बाँके, वर्दिया, शुक्लाफाँटा

**क्रियाकलाप:**नेपालले सन् २०२२ सम्म बाघको संख्या दोव्वर (२५० वटा) वनाउने अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप काम गरि रहेको अवस्थामा बाघको आहारा प्रजातीको अवस्था समेत एकिन हुन आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। कार्यदल गठन पश्चात फिल्डमा समन्वय गरी गणना सम्बन्धी अभिमुखीकरण कार्य पश्चात फिल्ड कार्य शुरु गरिनेछ । फिल्ड कार्य सम्पन्न गरी तथ्यांक विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ । बाघका आहारा प्रजातीहरुको अनुगमनबाट तिनिहरुको अवस्थाको बारेमा जानकारी प्राप्त गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै नेपाली सेना र संरक्षण साझेदार संस्थाका प्राविधिकहरु पनि परिचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.११,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** बाघको आहारा प्रजातिको संख्या तथा अवस्था एकिन भई सो को संरक्षण र व्यवस्थापनका लागी भावी रणनीति तय गर्न सहयोग पुग्ने। साथै प्रजाति संरक्षण कार्ययोजना बनाउन सहयोग पुग्ने ।

५. **रेडपाण्डा, कालोभालु, कस्तुरी मृग, हिउँ चितुवा, हात्ती, चौका, बाह्रसिंगाको अध्ययन तथा अनुगमन**

**स्थान:**कंचनजङ्घा, मकालु, पर्सा, लामटाङ, गौरीशंकर, मनास्लू, ढोरपाटन, बाँके, बर्दिया, शे-फोक्सुण्डो, रारा, अपिनम्पा

**क्रियाकलाप:** संरक्षण क्षेत्रभित्र रहेका संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण र ब्यबस्थापनका लागि उनीहरुको संख्या र अवस्था बारे जानकारी हासिल गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत वन्यजन्तुहरुको गणनाका साथै तिनिहरुको अवस्थाको बारेमा जानकारी प्राप्त गरिनेछ । कार्यदल गठन पश्चात फिल्डमा समन्वय गरी गणना सम्बन्धी अभिमुखीकरण कार्य पश्चात फिल्ड कार्य शुरु गरिनेछ । फिल्ड कार्य सम्पन्न गरी तथ्यांक विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । नेपाली सेना र संरक्षण साझेदार संस्थाका प्राविधिकहरु पनि परिचालन गर्न सकिनेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.३५,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** रेडपाण्डा, कालोभालु, कस्तुरी मृग, हिउँचितुवा, हात्ती, चौका, बाह्रसिंगाको अनुगमन तथा गणना कार्य सम्पन्न भई उनीहरुको संख्या र अवस्थाको बारेमा एकिन हुने ।

६. **चरा सर्वेक्षण तथा अनुगमन**

**क्रियाकलाप:** कोशीटप्पू वन्यजन्तु आरक्ष भित्रका जंगल, सिमसार क्षेत्रमा पाइने तथा बसाइ सरि आउने चराहरुको अवस्था एकिन गर्न चराहरुको सर्वेक्षण तथा गणना गरि सूची अद्यावधिक गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । नेपाली सेना र संरक्षण साझेदार संस्थाका प्राविधिकहरु पनि परिचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** कोशीटप्पु वन्यजन्तु आरक्षमा चराको अवस्था तथा सूचि अद्यावधिक भएको हुने ।

७. **खर मयुर अध्ययनका लागि घासेमैदान व्यवस्थापन**

**क्रियाकलाप:** कोशीटप्पू वन्यजन्तु आरक्ष भित्रको घाँसे मैदान व्यवस्थापन गरी खरमजुर अध्ययनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो । खरमजुरको लागि अन्य चराको भन्दा घाँसेमैदान फरक किमिसले व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**जनशक्ति व्यवस्थापन:** आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** कोशीटप्पु वन्यजन्तु आरक्षमा खरमजुरको अवस्था अद्यावधिक भएको हुने ।

### ८. जडिबुटी खिरौला (सेतक चिनी) बारे विस्तृत अध्ययन

**क्रियाकलाप:** अपिनम्पा संरक्षण क्षेत्रमा विभिन्न कासिमका जडिबुटि पाईने गर्छन । तर यकिन रुपमा कुन कुन किसिमका जडोबुटी कति मात्रामा पाईन्छन भन्ने अध्ययनहरु हुन सकेका छैनन् । विगतका दिनमा सेतक चिनिको धैरै माग हुने भएको हुँदा उक्त जडिबुटिको ईकोलोजिकल distribution, vegetative propagation, production र यस प्रजातिको कुन किसिमले खेती गर्न सकिन्छ र संरक्षण क्षेत्रमा यसको Distribution बारे थाहा पाउने उद्धश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अध्ययनले वार्षिक रुपमा हुने उत्पादन र दिगो रुपमा संकलन गर्न सकिने परिमाण एकिन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षण क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** अपिनम्पा संरक्षण क्षेत्रमा खिरौला (सेतक चिनी)को अवस्था एकिन भएको हुने ।

### ९. मानव वन्यजन्तु द्वन्द सम्बन्धी अध्ययन

**क्रियाकलाप:** पछिल्लो समयमा संरक्षित क्षेत्रको मूख्य चुनौति मध्य मानव वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन पनि एक हो । अन्नपूर्ण संरक्षण क्षेत्रमा मानव वन्यजन्तु द्वन्दको अवस्था र मानव वन्यजन्तु द्वन्द नियूनिकरणमा मद्दत पुर्याउने उद्वश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । मुख्य conflict Hotspot को नक्सांकन, द्वन्दमा संलग्न हुने वन्यजन्तु, वन्यजन्तुबाट भएको क्षतिको विवरण, न्यूनीकरणका अल्कालिन एवं दिर्घकालिन उपायहरुको पहिचान गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षण क्षेत्र सम्पर्क कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** अन्नपूर्ण संरक्षण क्षेत्रमा मानव वन्यजन्तु द्वन्दको अवस्था साथै न्यूनीकरणका उपायहरु एकिन भएको हुने ।

### १०. सिमसार क्षेत्र व्यवस्थापन सम्बन्धी अध्ययन

**क्रियाकलाप:** मकालु बरुण राष्ट्रिय निकुञ्जम रहेका सिमसार क्षेत्रहरुको अभिलेखीकरण गरी तिनीहरुको अवस्था र व्यवस्थापनका लागि गरिनुपर्ने कार्यहरुको लागि अध्ययन गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** राष्ट्रिय निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** मकालु बरुण राष्ट्रिय निकुञ्मा सिमसार क्षेत्रहरुको अवस्था एकिन भएको हुने ।

## घ. पर्या पर्यटन प्रवर्द्धन

### १. भ्यू -टावर निर्माण

**स्थान:**मकालु-वरुण, कोशीटप्पु, चितवन, लामटाङ , गौरीशंकर, ढोरपाटन, बाँके, रारा, शे-फोक्सुण्डो, शुक्लाफाँटा र खप्तड।

**क्रियाकलाप:**संरक्षित क्षेत्रभित्र आउने पर्यटकहरुको मुख्य उद्देश्य भनेको नै वन्यजन्तुहरुको अबलोकन गर्नु हो | पर्या-पर्यटन प्रबर्दनका लागि प्राय:जसो घाँसे मैदान र पानीपोखरीको छेउमा वन्यजन्तुहरुको चहलपहल बढी हुने हुँदा ति क्षेत्रहरुमा

पर्यटकहरुका लागि र गस्ती प्रयोजनका लागि समेत भ्यू-टावरहरु निर्माण गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत स्वीकृत कार्यक्रम अनुसार काठ तथा आर.सी.सी.युक्त भ्यू-टावर निर्माण गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.३,७८,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ३० वटा भ्यू टावर निर्माण भई पर्यटकलाई प्रत्यक्ष रुपमा वन्यजन्तुको अवलोकन गर्न सहज भएको हुने ।

२. **वन्यजन्तु अवलोकनका लागि पिपिङ टावर ( Peeping Tower) निर्माण**

**स्थान:** चितवन, पर्सा, बाँके, बर्दिया, शुक्ला

**क्रियाकलाप**:संरक्षित क्षेत्रभित्र आउने पर्यटकहरुको मुख्य उद्देश्य भनेको नै वन्यजन्तुको अबलोकन गर्नु हो | वन्यजन्तुको वढी चहलपहल हुने पानी पोखरी तथा सिमसार क्षेत्रमा मानिसहरु देखेमा भाग्ने तथा नआउने हुंदातिनीहरुले नदेख्ने गरी टावर वा मचानमा वसेर अध्ययन अवलोकन गर्नका लागी यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत काठ वा आर.सी.सी.भ्यू-टावर निर्माण गरी सो भ्यू-टावरको वरीपरी काठ वा अन्य वस्तुले वन्द गरि प्राकृतिक वातावरण जस्तै बनाई बाहिरका वन्यजन्तु देखिने प्वालहरु मात्र राखिने छ र त्यहि प्वालहरुबाट वन्यजन्तुको अबलोकन गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५०,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ५ वटा पिपिङ्ग टावर निर्माण भई पर्यटकलाई प्रत्यक्ष रुपमा वन्यजन्तुको अवलोकन गर्न सहज भएको हुने ।

३. **पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण**

**स्थान:रारा रा.नि.**

**क्रियाकलाप:** भ्यू-टावरमा बसेर रारा ताल, वन्यजन्तु तथा हिमाली दृष्यहरुको सहज अवलोकन गर्न भ्यू-टावर निर्माण गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत काठ वा आर.सि.सि.को दुई वा तीन तल्लाको (भौगोलिकता हेरी) टावर निर्माण गरिनेछ। भ्यू टावर वरीपरि बगैचा समेत निर्माण गरी बस्ने वेन्चहरु पनि निर्माण गरिनेछ। साथै खानेपानी, शौचालय समेत निर्माण गरिनेछ। यस आ.ब.मा यो नमुनाको रुपमा रारा रा.नि.मा रारा ताल र हिमाली दृश्य राम्रोसँग देखिने स्थानमा यो भ्यू टावर निर्माण गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.८०,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** पर्यटकले भ्यू-टावरमा वसेर रारा ताल, रारा तालमा विचरण गर्ने चराहरुको साथै वरिपरिको हिमाली भू-दृष्यको अवलोकन गर्न सक्ने ।

४. **विद्युतीय पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापन**

**स्थान: चितवन, शिवपरी नागार्जुन,** कंचनजंगा

**क्रियाकलाप**:संरक्षित क्षेत्र अवलोकनका लागि आउने पर्यटकहरुलाई संरक्षित क्षेत्र अवलोकन गर्नु अघि सो संरक्षित क्षेत्र सम्वन्धी जानकारी दिने र सो बाट उसको चाहना अनुरुपको विषयवस्तुमा अवलोकन गर्ने अवसर प्रदान गर्न संरक्षित

क्षेत्रको मुख्य कार्यालयमा बिद्युतीय पर्यटक सूचना केन्द्र स्थापना गरी व्यवस्थापन गर्ने उदेश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत एउटा छुट्टै सूचना केन्द्र निर्माण गरिनेछ, जसमा कुर्सी, टेवुल सहितको कम्प्युटर सेट राखिनेछ। कम्प्युटर सेटमा निकुञ्जको सामान्य जानकारी देखि त्यहाँ पाइने मुख्य मुख्य वन्यजन्तु, वनस्पति लगायत सम्पूर्ण जैविक विविधता तथा सांस्कृतिक विविधताको सम्वन्धी सम्पूर्ण जानकारी उपलव्ध गराईनेछ। जसमा पर्यटकले आफ्नो चाहना अनुसारको विषय बस्तु हेर्न सक्नेछन्। साथै virtual अनुभव गर्ने खालका सामग्री समेत राखीनेछ। साथै बालबालिकालाई समेत रमाइलो हुने विषय वस्तुहरु पनि समेटिने छन्।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ।

**बजेट व्यवस्थापन:**: यस कार्यका लागि रु.२,५०,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ३ वटा विद्युतीय पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापन भई कम्प्युटर सेटमा पर्यटकले आफ्नो इच्छा अनुसारको सूचना प्राप्त गर्न सक्ने।

५. **पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापन**

**स्थान:रारा**

**क्रियाकलाप**:संरक्षित क्षेत्र अवलोकनका लागि आउने पर्यटकहरुलाई संरक्षित क्षेत्र अवलोकन गर्नु अघि सो संरक्षित क्षेत्र सम्वन्धी जानकारी दिने उदेश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत एउटा छुट्टै सूचना केन्द्र/ हल निर्माण गरिनेछ, जसमा सो संरक्षित क्षेत्र सम्वन्धी नक्सा, फोटो सहित तहाँ पाइने वन्यजन्तु वनस्पति लगायतका जानकारीमुलक डिस्प्ले राखिनेछ । जसबाट पर्यटकले सो संरक्षित क्षेत्रको अवलोकन गर्नु अघि नै सो संरक्षित क्षेत्रको बारेमा धेरै जानकारी हासिल गर्न सक्नेछन्।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ६०,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** पर्यटक सूचना केन्द्र निर्माण भई जानकारीमुलक डिस्प्ले राखिएको हुने।

६. **पर्यटक विश्रामस्थल निर्माण**

**स्थान:**शुक्ला, पर्सा, कोशी, शिवपुरी, लामटाङ, सगरमाथा, मकालु, रारा , शे-फोक्सुण्डो, खप्तड, ढोरपाटन, अपिनम्पा।

**क्रियाकलाप**:पहाडी तथा हिमाली संरक्षित क्षेत्रको अवलोकनका लागि आउने पदयात्री पर्यटकहरुका लागी सहज पदयात्राका निमित्त ठाउँ ठाऊँमा आराम गर्दै जाने तथा वर्षातको समयमा ठूलो झरीमा ओत लाग्ने र पर्यटक भरियाहरुलाई आराम गर्ने तथा भारी विसाउने कार्यका निमित्त पर्यटक विश्रामस्थलको आवश्यकता महसूस गरी यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस्ता पर्यटक विश्रामस्थलहरु निर्माण गर्दा प्राय गरि पानीको श्रोत भएको नजिक स्थानमा निर्माण गरिन्छ भने घाम तथा पानीबाट सुरक्षित हुन सेडको समेत व्यवस्था गरिन्छ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.१,८६,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** उपयुक्त स्थानमा ५८ वटा पर्यटक विश्रामस्थल निर्माण भई पर्यटकको पदयात्रा सहज भएको हुने साथै पर्यटकिय भरियालाई समेत भारी विसाउने तथा केही क्षण आरामगर्न सहज भएको हुने।

७. **क्याम्पसाईट निर्माण**

**क्रियाकलाप**:संरक्षित क्षेत्र भित्र पदयात्री पर्यटकका लागि शान्तपूर्वक, आरामले रात बिताउने गरि बस्नका लागि मुख्य कार्यालय, सेक्टर, रेन्जपोष्ट र पोष्ट कार्यालयको पहुच स्थानमा खानेपानी र शौचालय सहितको क्याम्पसाइटहरु निर्माण गर्नु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत क्याम्पसाईट निर्माण, पानी तथा शौचालयको व्यवस्थाका साथै भारी हिउँपातका समयमा सुरक्षा प्रदान गर्न सेडको समेत व्यवस्था गरिएको हुन्छ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.२५,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** उपयुक्त स्थानमा १४ वटा क्याम्पसाइट निर्माण भई पदयात्री पर्यटकको पदयात्रा सहज भएको हुने ।

## ८. होमस्टे प्रवर्द्धन /संचालन सहयोग

**स्थान:** रारा, मकालु, खप्तड, ढोरपाटन, पर्सा र शुक्लाफाँटा

**क्रियाकलाप:** संरक्षित क्षेत्र अवलोकनका लागि आउने पर्यटकहरुलाई संरक्षित क्षेत्र नजिक वास वस्ने तथा खाने सुविधा उपलव्ध गराउन स्थानीय / मध्यवर्ती क्षेत्रका वासिन्दालाई होमस्टे संचालन गर्न अभिप्रेरित गर्ने उद्देश्यले यस क्रियाकलापको व्यवस्था गरिएको । यस अन्तर्गत होमस्टे संचालन गर्ने व्यक्ति वा समूहसंग होमस्टेमा हुनु पर्ने सुविधाहरु र ती मध्ये संरक्षित क्षेत्रले सहयोग गर्ने विषयका बारेमा दुई पक्षिय संझौता गरिनेछ, संरक्षित क्षेत्रले गर्ने सहयोगमा शौचालय निर्माण तथा मर्मत, सरसफाई तथा अतिथि स्वागत सम्बन्धी तालिम, फोहोर मैला व्यवस्थापनको लागी खाडल निर्माण वा टोकरी वा प्लाष्टिकको बिर्को सहितका भाँडा, साईनबोर्ड, पर्यटक बस्ने गोलघर, वेडहरु, कुर्सी वा वेन्ची निर्माण तथा खरिद जस्ता कार्यहरुको मात्र अनुदान सहयोग उपलव्ध गराईनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ७१,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:**१७ वटा होमस्टे संचालन भई स्थानीय समुदायको आयआर्जनमा टेवा पुगेको हुने ।

## ९. वनपथ निर्माण

**स्थान:**चितवन, बाँके, बर्दिया, शुक्ला, पर्सा, कोशी, अपिनम्पा, कंचनजंघा र अन्नपूर्ण ।

**क्रियाकलाप**:प्राय:गरि तराइका संरक्षित क्षेत्रहरुमा पर्यटकहरुलाई संरक्षित क्षेत्रको अबलोकन गर्न तथा कर्मचारीहरुबाट वन्यजन्तुको चोरी शिकार नियन्त्रणका लागि नियमित गस्ती गर्न वनपथ तथा बाटोको आवश्यक पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत सकेसम्मठुला रुखहरुलाई जोगाई बट्यान, झाडि हटाउने, बाटोमा परेका रुख ठुटा उखेल्ने, होचो भागमा माटो भर्ने, पानी जम्ने स्थानमा ढुंगा गिट्टी हाल्ने, बाटोको दाँयाबायाँ वर्षातको पानी जाने गरी नाली समेत खनी गाडी आवत जावत गर्ने मिल्ने किसिमबाट वन पथ निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.१,५८,५०,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** ९९ कि.मि. वनपथ निर्माण भई पर्यटकले सहज ढंगबाट वन्यजन्तुको अवलोकन गर्न सक्ने । साथै वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने कार्य र वन डढेलो नियन्त्रण कार्यमा पनि सहयोग पुग्ने ।

## १०. वनपथ मर्मत

**स्थान:**चितवन, बाँके, बर्दिया, शुक्ला, पर्सा, कोशी, शिवपुरी, लामटाङ, रारा, शे-फोक्सुण्डो, अपिनम्पा र कृष्णसार ।

**क्रियाकलाप**:प्राय:गरि तराइका संरक्षित क्षेत्रहरुमा पर्यटकहरुलाई संरक्षित क्षेत्रको अबलोकन गर्न तथा कर्मचारीहरुबाट वन्यजन्तुको चोरी शिकार नियन्त्रणका लागि नियमित गस्ती गर्न वनपथ तथा बाटोको आवश्यक पर्ने हुँदा निर्माण भई सकेका वनपथहरुलाई चालु अवस्थामा राख्न यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत वनपथमा सालबसालि रुपमा पलाउने घाँस, बुट्यान, झाडि हटाउने, बर्षातको पानीबाट भत्किएका स्थानहरुको मर्मत गर्ने, हावाहुरीले ढाली बाटोमा परेका रुखहरु व्यवस्थित ढंगबाट हटाउने होचो भागमा माटो भर्ने, पानी जम्ने स्थानमा ढुंगा गिट्टी हाल्ने, बाटोको दाँयाबायाँ वर्षातको पानी जाने गरी नाली सफा गर्ने आदि कार्य गरी गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.१,३१,१५,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ५३० कि.मि. मर्मत भई पर्यटकले सहज ढंगबाट वन्यजन्तुको अवलोकन गर्न सक्ने । साथै वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने कार्य र वन डढेलो नियन्त्रण कार्यमा पनि सहयोग पुग्ने।

**११. गोरेटो बाटो निर्माण**

**स्थान:**चितवन, बाँके, लामटाङ, सगरमाथा, रारा, मकालु, शे-फोक्सुण्डो, ढोरपाटन, अपिनम्पा र मनास्लू ।

**क्रियाकलाप**:प्राय:गरि पहाडी तथा हिमाली संरक्षित क्षेत्रहरुमा र तराईका चुरे क्षेत्रमा वन्यजन्तुको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने, वन्यजन्तुको अवलोकन गर्ने र पदयात्री पर्यटकहरुलाई संरक्षित क्षेत्र अवलोकनमा सहज बनाउन यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत वन्यजन्तुको बढी चहलपहल हुने क्षेत्रमा मानिस आवत जावत गर्न मिल्ने किसिमबाट घाँस, बुट्यान, झाडि हटाउने, पहाडी क्षेत्रको ठाडो उकालोमा सिंढी निर्माण गर्ने, वर्षातको समयमा चिप्लो हुने पहाडी तथा हिमाली गोरेटो बाटोमा ढुंगा विछयाउने, बर्षातको पानी बग्ने गरी दुबै तर्फ नाला खन्ने आदि कार्य गरी गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.९६,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** २०३ कि.मी. गोरेटो बाटो निर्माण भई पर्यटकले सहज ढंगबाट वन्यजन्तुको अवलोकन गर्न सक्ने। साथै वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने कार्य र वन डढेलो नियन्त्रण कार्यमा पनि सहयोग पुग्ने।

**१२. पर्यटक पद मार्ग निर्माण**

**स्थान:**रारा, ढोरपाटन र कंचनजंघा

**क्रियाकलाप**:प्राय:गरि पहाडी तथा हिमाली संरक्षित क्षेत्रहरुमा पदयात्री पर्यटकहरुको पदयात्रालाई सहज वनाउन बनाउन यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत पर्यटक आवत जावत गर्न मिल्ने किसिमबाट घाँस, बुट्यान, झाडि हटाई बाटो निर्माण गर्ने, ठाडो उकालोमा सिंढी निर्माण गर्ने, वर्षातको समयमा चिप्लो हुने स्थानमा ढुंगा विछयाउने , बर्षातको पानी बग्ने गरी दुबै तर्फ नाला खन्ने आदि कार्य गरी गरिनेछ। नयाँ क्षेत्रमा पर्यटक पदमार्ग पहिचान गरी निर्माण गर्ने कार्य समेत यसै अन्तर्गत पर्दछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २५,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ५ कि.मि. पर्यटक पदमार्ग निर्माण पर्यटकहरुलाई संरक्षित क्षेत्रको पदयात्रा गर्न सहज हुने।

## १३. काठेपुल निर्माण

**स्थान:**चितवन, बाँके,बर्दिया, शुक्ला, पर्सा, लामटाङ, रारा, मकालु, शे-फोक्सुण्डो, खप्तड, ढोरपाटन, अपिनम्पा, कंचनजंघा र गौरीशंकर।

**क्रियाकलाप**:संरक्षित क्षेत्र अवलोकनका लागि आएका पर्यटकहरुलाई बर्षातको समयमा साना खहरे खोल्साहरुमा आएको बाढीमा पानी नघटुन्जेलसम्म कुरेर बस्नु पर्ने, नियमित पानी बग्ने स्थानहरुमा आवत जावत गर्न कठीनाई भएकोले र कर्मचारीहरुलाई वन्यजन्तु अनुगमन तथा चोरी शिकार नियन्त्रणका लागि गस्ती गर्ने कार्यमा समेत सहयोग पुग्ने भएकोले संरक्षित क्षेत्रभित्र काठेपुल निर्माण गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत खोला वा खोल्साको दायाँ बायाँ ढुंगाको पर्खाल उठाई विचमा काठको पुल निर्माण गरी पुलको दायाँबायाँ रेलिङ समेत राखिनेछ। यो खोला, खोल्सा हेरी सानोदेखि ठूलो (लामो) हुनसक्छ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.९८,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** उपयुक्त स्थानमा ४० वटा काठका पुल निर्माण भई संरक्षित क्षेत्रको अवलोकन गर्न सहज हुने। साथै कर्मचारी, सुरक्षाकर्मीहरुलाई गस्ती गर्ने कार्यमा समेत सहयोग पुग्ने।

## १४. काठेपुल मर्मत

**स्थान:**चितवन, बाँके, शुक्ला, पर्सा, लामटाङ, मकालु, रारा, शे-फोक्सुण्डो, खप्तड, ढोरपाटन।

**क्रियाकलाप**:संरक्षित क्षेत्र अवलोकनका लागि आएका पर्यटकहरुलाई संरक्षित क्षेत्रमा आवत जावत गर्न र कर्मचारी/सुरक्षाकर्मीहरुलाई वन्यजन्तु अनुगमन तथा चोरी शिकार नियन्त्रणका लागि गस्ती गर्ने कार्यमा समेत सहयोग पुग्ने भएकोले संरक्षित क्षेत्रभित्र निर्माण भएका काठेपुलहरु बर्षातको पानीका कारण लामो समय सम्म रहि रहन नसक्ने हुँदा समय समयमा मर्मत सुधार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत बाढीले भत्काएका दायाँबायाँका रिटेनिङवाल, मक्किएका काठहरु फेर्ने, भाँचिएका रेलिङहरु फेर्ने जस्ता कार्यहरु गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.३०,७५,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** उपयुक्त स्थानमा रहेका ३७ वटा काठका पुल मर्मत भई संरक्षित क्षेत्रको अवलोकन गर्न सहज हुने। साथै कर्मचारी, सुरक्षाकर्मीहरुलाई गस्ती गर्ने कार्यमा समेत सहयोग पुग्ने।

## १५. फोहोरमैला व्यवस्थापनका लागि खाडल निर्माण

**स्थान:**चितवन, बाँके, शुक्ला, कोशी, सगरमाथा, मकालु, रारा, शे-फोक्सुण्डो, खप्तड, ढोरपाटन, अपिनम्पा, मनास्लु, र गौरीशंकर

**क्रियाकलाप**:संरक्षित क्षेत्रमा पर्यटकहरुको आवत जावत भई रहने हुँदा उक्त क्षेत्र सफा सुग्घर हुन अति आवश्यक छ, दैनिक मानिसको आवत जावत हुने कार्यमा उनिहरुले उपभोग गर्ने चाउचाउ, चकलेट, विस्कुट आदिका खोलहरु फाल्न/राख्ने ठाउँ ठाउँमा खाडल व्यवस्थापन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत पर्यटक हिड्ने बाटोहरुमा, बस्ति क्षेत्रमा, पर्टयकको मुख्य गन्तव्य स्थलहरुमा फोहोर फाल्ने खाडल निर्माण गर्नुका साथै फोहोर यहा फाल्नुहोस भन्ने सूचना टाँस गरिनेछ र उक्त फोहोरहरुलाई समय समयमा वा दैनिक रुपमा नष्ट गर्ने व्यवस्था मिलाईने छ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३३,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** उपयुक्त स्थानमा १५२ वटा खाडल निर्माण भई संरक्षित क्षेत्रमा हुने फोहोरमैला व्यवस्थापन भई स्वश्च र स्वस्थ पर्यटक क्षेत्र कायमा राख्न सहयोग पुग्ने।

**१६. सार्वजनिक शौचालय निर्माण**

**स्थान:**चितवन, वर्दिया, पर्सा, लामटाङ, मकालु र शे-फोक्सुण्डो।

**क्रियाकलाप**:संरक्षित क्षेत्रको मुख्य प्रवेशद्वारमा पर्यटकले पर्यटक प्रवेशपत्र लिनु पर्ने /जाँच गर्नु पर्ने हुँदा समय लाग्ने हुन्छ र त्यसै गरी सूचना केन्द्रमा जानकारी लिनेक्रममा पनि समय लाग्न सक्छ, एकै पटक धेरै जना हुँदा पालो कुरेर बस्नु पर्ने पनि हुन्छ। त्यसैले त्यस क्षेत्रमा पर्यटकहरुका लागि शौचालय हुन अति आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत महिला तथा पुरुष दुबैको लागि हुने गरी शौचालय निर्माण गर्नुको साथै पानीको समेत व्यवस्था गरिनेछ। उक्त शौचालय सफा राख्ने व्यवस्था समेत कार्यालयले गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ६७,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** उपयुक्त स्थानमा २२ वटा सार्वजनिक शौचालय निर्माण भई पर्यटकहरुलाई शौचालयको सुविधा प्राप्त हुने।

**१७. नेपालका संरक्षित क्षेत्रहरुको ब्रोसियर प्रकाशन तथा वितरण**

**क्रियाकलाप**:संरक्षित क्षेत्रको अबलोकनका लागि आउने पर्यटकहरुलाई संरक्षित क्षेत्र प्रवेश पत्र लिने समयमा निजहरुलाई सो संरक्षित क्षेत्र सम्वन्धी जानकारी प्रदान गर्न एक एक प्रति ब्रोसियर प्रदान गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत सम्वन्धित संरक्षित क्षेत्रको नक्सा सहित सो संरक्षित क्षेत्रको बारेमा जानकारी गराउने उदेश्यले अंग्रेजी भाषामा लेखिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ। साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ६,७५,०००।- वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** संरक्षित क्षेत्र अवलोकन गर्न आउने पर्यटकले ब्रोसर मार्फत संरक्षित क्षेत्र सम्बन्धी जानकारी प्राप्त गर्ने।

**१८. साइनबोर्ड/ सूचनाबोर्ड / होर्डिंगबोर्ड निर्माण**

**क्रियाकलाप:** संरक्षित क्षेत्रभित्र प्रवेश गर्ने पर्यटक तथा सेवाग्राहीहरूलाइ संरक्षित क्षेत्रभित्र निषेधित कुराहरु लगायत अन्य सूचनाहरु जानकारी गराउन ठाउँ ठाउमा साइनबोर्ड, सूचना बोर्ड तथा होर्डिंगबोर्ड राख्नु पर्ने हुदा यो क्रियाकलापको व्यवस्था गरिएको हो।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८,८०,०००। बजेट व्यवस्था रहेको छ।

**उपलब्धी:** संरक्षित क्षेत्रमा ८५ साइनबोर्ड/सूचनाबोर्ड/होर्डिङ्ग स्थापना भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुने।

**१९. संरक्षित क्षेत्रका होटल लजको संयुक्त अनुगमन**

**क्रियाकलाप:** सगरमाथा राष्ट्रिय निकुञ्ज भित्र रहेका होटलहरुको अवस्था, पर्यटकलाई दिइएको सुविधाहरु, फोहोरमैला व्यवस्थापन तथा वातावरणमा पर्न सक्ने सम्भावित असरहरु न्यूनीकरणका लागि गरिएका प्रयासहरु लगायत सम्झौता अनुसार कार्य गरेनगरेको भनी अनुगमन गर्नको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो । मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति लगायत सम्बन्धित निकायहरुको सहभागिता हुनेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै सम्बन्धित सरोकारवाला निकायहरुको संलग्नता हुनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,५०,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** सम्झौता अनुसार होटल सञ्चालन भएको हुने ।

## ङ. संरक्षण सम्वन्धी जनचेतना अभिवृद्धि तथा अन्य प्रकाशन

**१. संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम**

**क्रियाकलाप:**संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका विद्यायहरुमा संरक्षित क्षेत्र कार्यालयका कर्मचारीहरु गै संरक्षण सम्वन्धी जानकारी गराउने उदेश्यले यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत कार्याल, सेक्टर, पोष्टबाट कर्मचारीहरु विद्यालयमा गई संरक्षित क्षेत्रको महत्व, यसले राज्यलाई पुऱ्याएको योगदान, संरक्षित क्षेत्रमा निषेशित कार्यहरु र निषेधित कार्यहरु गर्दा हुने दण्डजरिवाना सम्वन्धी कक्षा संचालन गर्ने, संरक्षित क्षेत्र कार्यालयले प्रकाशन गरेका संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्रीहरु भए विद्यार्थीहरुलाई वितरण गर्ने र संरक्षण सम्वन्धी हाजिरी जवाफ, चित्रकला जस्ता प्रतियोगिता संचालन गर्ने र प्रोत्साहन स्वरुप कापि, कलम, डायरी पुरस्कार वितरण गर्ने कार्यहरु गरिने छन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.२६,३५,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** ७४ वटा विद्यालयमा संरक्षित क्षेत्र, वन्यजन्तु र जैविक विविधताको संरक्षण सम्बन्धी चेतनामुलक कार्यक्रम भई विद्यार्थी क्षमतामा अभिबृद्धि भएको हुने ।

**२. संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार**

**स्थान:**चितवन, बाँके, बर्दिया, शुक्ला, पर्सा, कोशी, लामटाङ, सगरमाथा, मकालु, शे-फोक्सुण्डो, खप्तड, ढोरपाटन र अपिनम्पा

**क्रियाकलाप:**संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु नियत खराव नभएता पनि अज्ञानताका कारण संरक्षित क्षेत्रका निषेशित कार्य गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गराउनु पर्ने हुँदा उनीहरुले बढी सुन्ने रेडियो एफ.एम. तथा टि.भि. मार्फत सूचना एवं जानकारी गराउने उदेश्यले यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत प्रसारण गरिने सूचना कार्यालयले तयार गरी सेवा प्रदायक संस्थासंग सम्झौता गरेर प्रशारण गर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले सन्देश तथा सूचनाहरु तयार गर्नका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । स्थानीय टिभी, रेडियो, एफ एम मार्फत प्रसारण गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.११,२०,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षित क्षेत्र वरिपरीका स्थानीय समुदायले संरक्षित क्षेत्र, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी जानकारी प्राप्त गर्ने । साथै निषेधित कार्य गरेमा भोग्नुपर्ने सजायसम्बन्धी पनि जानकारी प्राप्त गर्ने ।

## ३. संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

**क्रियाकलाप**:संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु कतिपय अवस्थामा अज्ञानताका कारण कसूर गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गरानु पर्ने हुँदा उनीहरुले देख्ने तथा सार्वजनिक स्थलहरुमा संरक्षण सम्वन्धी पर्चा, पम्पलेट, फोटोहरु टाँस गर्न उपयुक्त देखिएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत कार्यालयले संरक्षणको महत्व, निषेधित कार्यहरु र निषेधित कार्यहरु गर्दा हुने संजायको बारेमा सरल र छोटो रुपमा पर्चा, पम्पलेट तयार गरी ठाउँ ठाउँमा टाँस गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**: संरक्षित क्षेत्र कार्यालयले संरक्षण सम्बन्धी सामग्री तयार गर्नका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु.१७,१०,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी**: स्थानीय बासिन्दाहरुमा संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुने ।

## ४. जैविक विविधता संरक्षण सम्वन्धी अन्तरक्रिया गोष्ठी

**स्थान**:बाँके, बर्दिया, शुक्ला, शिवपुरी, लामटाङ, मकालु, खप्तड, ढोरपाटन, अपिनम्पा, कृष्णसार, कंचनजङ्घा, अन्नपूर्ण, मनास्लू र गौरीशंकर ।

**क्रियाकलाप**:संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु लगायत सरोकारवालाहरु संघ संस्थाका प्रतिनिधिहरुलाई जैविक विविधता संरक्षण सम्वन्धी जानकारी गराउन यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत कार्यालयले जिल्ला स्थित कार्याय, संघ, संस्था, राजनैनिक दलहरुका प्रतिनिधीहरुलाई आमन्त्रण गरी जैविक विविधता संरक्षणका लागी अन्तरक्रिया गर्नेछ । सहभागीहरुलाई वित्तिय व्यवस्थाका आधारमा खाना तथा खाजाको व्यवस्था समेत यसै क्रियाकलापबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**: संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु.१३,५०,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी**: स्थानीय बासिन्दाहरुमा जैविक विविधता, संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुने ।

## ५. नेपालका संरक्षित क्षेत्र पुस्तिका प्रकाशन तथा वितरण

**क्रियाकलाप**:संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका सरोकारवाला संघ, संस्था, स्थानीय बासिन्दाहरुका साथै संरक्षित क्षेत्र सम्वन्धी जानकारी लिन चाहने विद्यार्थीहरुलाई संरक्षित क्षेत्रको बारेमा जानकारी गराउन आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत सवै संरक्षित क्षेत्रहरुको बारेमा जानकारी हुने गरी नेपाली भाषामा संरक्षित क्षेत्र पुस्तिका प्रकाशन तथा वितरण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**: विभागले पुस्तिका तयारीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट प्रकाशन गर्ने कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु.४,५०,०००।- वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी**: संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि हुने ।

## ६. संरक्षण सम्वन्धी पोष्टर प्रकाशन तथा वितरण

**क्रियाकलाप**:संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका सरोकारवाला संघ, संस्था, स्थानीय बासिन्दाहरुकालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गराउने आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत महत्वपूर्ण तथा दूर्लभ वन, वन्यजन्तु तथा वनस्पतीहरुको फोटो समावेश भएको पोष्टर तयार गरी बितरण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले पोष्टर तयारीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट प्रकाशन गर्ने कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.३,००,०००।- वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** महत्वपूर्ण वन्यजन्तु, संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुने ।

**७. वन्यजन्तुको फोटोफ्रेम तयारी तथा वितरण**

**क्रियाकलाप:** संरक्षणसँग सम्वन्धित सरोकारवाला संघ, संस्था, मन्त्रालय, विभाग, कार्यालयहरुमा दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको नाम सहितको तयारी फोटो फ्रेम राख्दा सो वन्यजन्तुको महत्वको बारेमा ध्यानकर्षण हुने र संरक्षणमा चासो बढ्ने भएकोले त्यस्ता फोटोफ्रेम राख्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत संकटापन्न, दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको फोटो संकलन, फोटो सहितको फ्रेम तयारी, ढुवानी र सम्वन्धित संघ, संस्था, कार्यालयमा सुरक्षितपूर्वक ढुवानी र टाँस गर्ने कार्यहरु गरिनेछन् ।

**जनशक्ति व्यवस्थापन:** विभागले वन्यजन्तुको फोटो फ्रेम तयारीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १०,००,०००।- वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** महत्वपूर्ण वन्यजन्तु, संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुने ।

**८. वन्यजन्तुबाट बच्ने उपाय सम्वन्धी पुस्तक प्रकाशन तथा वितरण**

**क्रियाकलाप:**वन्यजन्तु गाउँ बस्तिमा निस्कदा तथा जंगलतर्फ फर्कदा स्थानीय बासिन्दाहरुसंग जम्काभेट भै आक्रमण गर्ने, घाईते तथा धनजन कै क्षती समेत गर्ने हुँदा मानव-वन्यजन्तुवीच द्वन्द सृजना हुन पुगेका छन । त्यसैले संरक्षित क्षेत्र नजिकका स्थानीय बासिन्दालाई सो संरक्षित क्षेत्रमा रहेका मुख्य वन्यजन्तुहरु, तिनको आनीबानी, विचरण गर्ने समय र सो बन्यजन्तुबाट बच्ने उपायहरुको बारेमा जानकारी गराई त्यस्ता बन्यजन्तुबाट सुरक्षित बनाउने उदेश्यले यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस आ.ब.मा यो नमुनाको रुपमा ढोरपाटन शिकार आरक्षमा प्रयोग गरिनेछ । यस अन्तर्गत मानव वस्ति तथा आवादीहरुमा निस्कने वन्यजन्तुहरुको फोटो सहित तिनको आनीबानी, विचरण गर्ने समय र सो बन्यजन्तुबाट बच्ने उपायहरुको बारेमा जानकारी हुने किसिमबाट पुस्तिका तयार गरी संरक्षित क्षेत्र आसपासका बस्तिहरुमा वितरण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** आरक्ष कार्यालले आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट प्रकाशन कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु.९०,०००।- वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** स्थानीय समुदायले वन्यजन्तुको आनीवानीको बारेमा थाहा पाउने र वन्यजन्तुको आक्रमणबाट बच्ने उपायहरुको बारेमा जानकारी प्राप्त गर्ने ।

**९. वन्यजन्तु तथा जैविक विविधता संरक्षण सम्वन्धी डकुमेण्ट्री निर्माण**

**क्रियाकलाप:**संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय वन्यजन्तु तथा जैविक विविधता संरक्षण सम्वन्धी जानकारी गराउने उत्तम माध्यम श्रव्यदृष्य पनि भएकोले सो सम्वन्धि डकुमेन्ट्री तयार गरि टेलिभिजन मार्फत प्रशारण गराउँदा संरक्षित क्षेत्र, वन्यजन्तु तथा जैविक विविधता संरक्षण सम्वन्धी जानकारी गराउँदा प्रभावकारी हुने देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** विभागले संरक्षण सम्बन्धी दस्तावेजका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट कार्य गरिनेछ ।

**उपलव्धी:** महत्वपूर्ण वन्यजन्तु, संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुने ।

### १०. संरक्षण समाचार प्रकाशन

**क्रियाकलाप:** संरक्षित क्षेत्रभित्र सञ्चालन गरिएका विविध गतिविधिहरु, पर्यटको संख्या, राजस्वको विवरण लगायतका सूचनाहरुको बारेमा जानकारी प्रदान गर्नको लागि चौमासिक रुपमा संरक्षण समाचार प्रकाशन गरिनेछ । यो समाचार अंग्रेजी र नेपालमा प्रकाशन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले संरक्षण समाचार तयारीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट प्रकाशन गर्ने कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,८०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षित क्षेत्रभित्र सञ्चालन भएका र गरिएका विविध गतिविधिहरुको बारेमा जानकारी प्राप्त हुने ।

### ११. इको क्लब संचालन सहयोग

**स्थान:** रारा, लामटाङ्ग

**क्रियाकलाप:** बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई उनीहरुको नेतृत्व र संलग्नतामा संरक्षण सम्बन्धि क्रियाकलापहरुमा सहभागी गराई संरक्षण सम्बन्धि चेतना अभिबृदी गराउने उद्देश्यले संरक्षित क्षेत्र वरिपरिका बिद्यालयहरुमा शिक्षक र संरक्षित कार्यालयका कर्मचारीको सहयोग र समन्वयमा गठन भएका इको क्लबहरुलाई क्रियाशील बनाई राख्न संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालनका लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन यो क्रियाकलापको ब्यबस्था गरिएको हो । यस कृयाकलाप अन्तर्गत विद्यार्थी संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने, भित्ते सूचना पत्रिका प्रकाशन गर्न सहयोग गर्ने, संरक्षण सम्बन्धी पुस्तकहरु तथा कापी वितरण गर्ने लगायत संस्थागत सहयोग पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** राष्ट्रिय निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षण सम्बन्धी विषयमा विद्यार्थीको क्षमता अभिबृद्धि भई संरक्षणमा लाग्न अभिप्रेरित भएको हुने ।

### १२. वार्षिक प्रगति पुस्तिका प्रकाशन

**क्रियाकलाप:** संरक्षित क्षेत्रभित्र सञ्चालन गरिएका विविध गतिविधिहरु, पर्यटको संख्या, राजस्वको विवरण मानव वन्यजन्तु द्धन्दको अवस्था, अध्ययन अनुसन्धान, राहत वितरण लगायतका सम्पूर्ण कार्यहरुको प्रगतिलाई एकिकृत गरी वार्षिक रुपमा प्रगति प्रकाशन सबै संरक्षित कार्यालयले प्रकाशन गर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले वार्षिक प्रगति तयारीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट प्रकाशन गर्ने कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २६,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षित क्षेत्रभित्र सञ्चालन भएका र गरिएका विविध गतिविधिहरुको बारेमा जानकारी प्राप्त हुने ।

### १३. संरक्षित क्षेत्रको ऐन, नियम, निर्देशिकाको संगालो प्रकाशन

**क्रियाकलाप:** संरक्षित क्षेत्रसँग सम्बन्धित ऐन, नियम र निर्देशिका समय सापेक्ष परिमार्जन भइरहेको अवस्थामा उक्त परिमार्जित संस्करण समेटी विभागले प्रकाशन गरी सबै संरक्षित क्षेत्र कार्यालय र सरोकारावाला निकायहरुमा वितरण गर्नको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** विभागले संगालो प्रकाशन तयारीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट प्रकाशन गर्ने कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** संगालो प्रकाशन भई संरक्षित क्षेत्र कार्यालय र सरोकारावाला निकायहरुमा वितरण भएको हुने ।

**१४. पर्यटकीय क्षेत्रमा बनस्पतिको नामाकरण**

**क्रियाकलापः** शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मूख्य मुख्य पर्यटकिय क्षेत्रमा रहेका सम्पूर्ण वनस्पतिहरुको ट्याक गरी पर्यटकलाई बनस्पति सम्बन्धी जानकारी दिने उद्देश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो । वैज्ञानिक नाम, अंग्रेजी नाम र स्थानीय नाम लेखी रुखमा नै ट्यागिङ्ग गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** राष्ट्रिय निकुञ्जले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. १,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** मूख्य मुख्य पर्यटकिय क्षेत्रमा वनस्पतिहरुको ट्यागिङ्ग भएको हुने ।

**१५. सम्पदा सम्बन्धी प्रचारप्रसार सामाग्री उत्पादन तथा वितरण**

**क्रियाकलापः** रारा राष्ट्रिय निकुञ्जमा रहेका सम्पदाहरुको संरक्षण र व्यवस्थापनका साथै ती सम्पदाहरुको प्रचारप्रसार गर्ने उद्देश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो । सम्पदा सम्बन्धी ब्रोसर/पोष्टरहरु प्रकाशन गरी वितरण गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** राष्ट्रिय निकुञ्जले प्रचारप्रसार सामग्रीका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । प्रचलित कानुन अनुसार सेवाप्रदायक संस्थाबाट प्रकाशन गरिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** मूख्य मुख्य सम्पदाहरुको बारेमा प्रचारप्रसार भएको हुने ।

**१६. जनचेतनाको लागि अवलोकन भ्रमण**

**क्रियाकलापः** ढोरपाटन शिकार आरक्षमा प्रस्ताव गरिएको मध्यवर्ती क्षेत्रका बासिन्दाहरुलाई मध्यवर्ती क्षेत्रको महत्व, आवश्यकता र यसबाट हुन सक्ने फाइदाहरुको बारेमा जानकारी दिनको लागि पहिले राम्रोसँग स्थापना भई व्यवस्थापन भइरहेको रा.नि./आरक्ष मध्यवर्ती क्षेत्रमा यो अवलोकन भ्रमण राखिएको हो ।

**जनशक्ति व्यवस्थापनः** आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** प्रस्तावित मध्यवर्ती क्षेत्रका बासिन्दाहरु मध्यवर्ती क्षेत्र सम्बन्धमा चेतना अभिबृद्धि भई मध्यवर्ती सम्बन्धमा सकारात्मक धारणा विकास भएको हुने ।

**१७. संरक्षणसँग सम्बन्धित राजपत्रको संगालो प्रकाशन**

**क्रियाकलापः** संरक्षित क्षेत्र (रा.नि., आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती) स्थापना हुँदा देखि हालसम्म संरक्षणसँग सम्बन्धित राजपत्रहरु संकलन गरी प्रकाशन गर्ने उद्देश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापनः** विभागले राजपत्रको संकलनका लागि आफ्नो जनशक्ति परिचालन गर्नेछ । सेवा प्रदायक संस्थाबाट प्रकाशन गर्ने कार्य गर्नेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** संरक्षणसँग सम्बन्धित राजपत्रको संलागो प्रकाशन भई सम्बन्धित निकायमा वितरण भएको हुने ।

**१८. राष्ट्रिय निकुञ्ज नियमावली संसोधन, प्रकाशन तथा वितरण**

**क्रियाकलापः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९,पाचौं संसोधन पश्चात नियमावली संसोधन

कृयाकलाप अनुसार एकिकृत नियमावली बनाइनेछ । विभागले कार्यदल गठन गरी सम्बन्धित सरोकारवाला निकायहरुसँग छलफल तथा अन्तरक्रिया गरी नियमावली बनाउनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** रा.नि.नियमावली संसोधनका साथै प्रकाशन भएको हुने ।

**१९. विभागको आन्तरिक कार्यविधि तयार तथा प्रकाशन**

**क्रियाकलाप:** विभागको दुरदृष्टि, परिदृश्य र उद्देश्य, शाखाहरुको कार्यविवरण परिमार्जन गरी विभागको आन्तरिक कार्यलाई चुस्तदुरुस्त बनाउनको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो । विभागको संगठन तथा व्यवस्थापन ( O& M) बनाउने कार्य समेत गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** विभागको आन्तरिक कार्यविधि तयार भई कार्य चूस्त दुरुस्त भएको हुने ।

## च. कर्मचारी तालिम

**१. गेमस्काउट /सेनालाई पुनर्ताजकि तालिम**

**क्रियाकलाप:**संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि प्रत्यक्ष रुपमा फिल्डमा रहि काम गर्ने गेमस्काउट तथा संरक्षित क्षेत्रको संरक्षणमा खटिएका सेनालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गराउन आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत गेमस्काउट तथा सेनालाई संरक्षित क्षेत्रको ऐन नियम कानून सम्वन्धी जानकारी हुने गरी संरक्षित क्षेत्रका कर्मचारीबाट तालिम प्रदान गरिने छ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १३,९०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** गेमस्काउट तथा संरक्षणमा खटिएका सेनाको वन्यजन्तु तथा संरक्षित क्षेत्र सम्बन्धी विषयमा क्षमता अभिबृद्धि भएको हुने ।

**२. सार्वजनिक खरिद व्यवस्थापन तालिम**

**क्रियाकलाप:**संरक्षित क्षेत्रमा कार्यरत कर्मचारीहरु मध्ये अधिकाँस कर्मचारी वन सेवाका रहेको र उनीहरुले वन, वन्यजन्तु संरक्षण र व्यवस्थापनको जिम्मेवारी बहन गर्नुका साथै आ-आफ्नो क्षेत्रमा विकास निर्माणका कार्यहरु समेत गर्नु पर्ने बाध्यता रहेको छ। विकास निर्माणका कार्यहरु गर्दा सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालना नभएका कारण बर्षै पिच्छे बेरुजू समेत बढ्दै गएको हुँदा सवै संरक्षित क्षेत्रका कर्मचारीको सहभागीता गराई उनिहरुलाई सार्वजनिक खरिद प्रकृया सम्वन्धी जानकारी गराउने उदेश्यले यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत तालिम प्रदान गर्ने प्रशिक्षक, तालिम संचालनमा सहजिकरण गर्ने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, प्रशिक्षन भत्ता, खाना खाजा तथा वास खर्च तालिमको प्रतिवेदन तयारी लगायत यस तालिमसंग सम्वन्धित कार्यहरु गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५,००,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलब्धी:** संरक्षित क्षेत्रमा कार्यरत कर्मचारीहरुमा पछिल्लो संशोधित सार्वजनिक खरिद प्रकृया सम्बन्धी जानकारी हासिल भै विकास निर्माण तथा खरिद कार्यहरु तदारुकताका साथ छिटो भएको हुने ।

३. **मुद्धा अनुसन्धान तालिम**

**स्थान:**बाँके,बर्दिया, शुक्लाफाँटा,कोशीटप्पु, शिवपुरी नागार्जुन, रारा, शे फोक्सुण्डो रा.नि.

**क्रियाकलाप**:संरक्षित क्षेत्र कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, नियम विपरितकार्यहरु गर्ने ब्यक्तिहरुलाई पक्राउ गर्ने नियमानुसार संजाय गर्ने कार्यहरु गर्नु पर्ने हुँदा कर्मचारिले गर्ने मुद्धा अनुसन्धानका प्रकृयाहरु ऐन नियमको परिधिभित्र रही गर्न सक्षम वनाउने उदेश्यले उनीहरुको क्षमता अभिवृद्धि गर्न यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत कानूनका विज्ञहरुबाट संरक्षित क्षेत्रका कर्मचारीलाई तालिम प्रदान गरिनेछ । तालिमका प्रशिक्षकको प्रशिक्षण भत्ता, तालिमका सहभागीहरुको खाना, खाजा तथा वास खर्च, तालिमको प्रतिवेदन तयारी लगायत यस तालिमसंग सम्वन्धित कार्यहरु गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १०,१०,०००|-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** ७ वटा स्थानमा गरिएको तालिमबाट संरक्षित क्षेत्रमा कार्यरत कर्मचारीहरुको मुद्धा अनुसन्धान प्रकृया सम्बन्धी क्षमता अभिबृद्धि भई मुद्धा अनुसन्धानका कार्यहरु प्रभावकारी भएको हुने ।

४. **आखेटोपहार तथा जडिबुटी पहिचान सम्वन्धी तालिम**

**स्थान:**लामटाङ रा.नि.

**क्रियाकलाप**:संरक्षित क्षेत्र कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, नियम विपरितकार्यहरु गर्ने ब्यक्तिहरुलाई पक्राउ गर्ने नियमानुसार संजाय गर्ने कार्यहरु गर्नु पर्ने हुँदा फिल्डमा रहि काम गर्ने कर्मचारीहरुमा आखेटोपहार तथा जडिबुटी पहिचान सम्वन्धी जानकारी हुन आवश्यक देखि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत वन्यजन्तु तथा वनस्पती विज्ञहरुबाट वन्यजन्तुको आखेटोपहार तथा जडिबुटी पहिचान गर्ने तालिम प्रदान गरिनेछ । तालिमका प्रशिक्षकको प्रशिक्षण भत्ता, तालिमका सहभागीहरुको खाना, खाजा तथा वास खर्च, तालिमको प्रतिवेदन तयारी लगायत यस तालिमसंग सम्वन्धित कार्यहरु गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००|-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** कार्यरत कर्मचारीहरुको आखेटोपहार तथा जडिबुटी पहिचान सम्वन्धी विषयमा क्षमता अभिबृद्धि भएको हुने ।

५. **लैगिंक सचेतना तालिम/गोष्ठी**

**क्रियाकलाप**: संरक्षित क्षेत्र कार्यालयका प्रमुख तथा अन्य कार्यरत कर्मचारीहरुको लैंगिक सम्बन्धी विषयमा क्षमता अभिबृद्धि गरी कार्यालयलाई लैंगिक मैत्री बनाउने उद्देश्य यो यो क्रियाकलापको व्यवस्था गरिएको हो । तालिमका प्रशिक्षकको प्रशिक्षण भत्ता, तालिमका सहभागीहरुको खाना, खाजा तथा वास खर्च, तालिमको प्रतिवेदन तयारी लगायत यस तालिमसंग सम्वन्धित कार्यहरु गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००|-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** लैगिंक विषयमा क्षमता अभिबृद्धि भई कार्यालय लैंगिक मैत्री भएको हुने ।

छ. **सीप विकास तथा क्षमता अभिबृद्धि तालिम तथा गोष्ठी**

१. **वन्यजन्तुको आनीवानी सम्वन्धी सचेतना गोष्ठी**

**स्थान:**चितवन, बाँके,बर्दिया,शुक्लाफाँटा, पर्सा रा.नि. र कोशीटप्पु व.ज.आ.

**क्रियाकलाप**: संरक्षित क्षेत्रभित्रबाट वन्यजन्तुहरु पानी तथा खानाको लागी गाउँबस्ती तथा आवादी क्षेत्रमा आई धनजन र खेतीबाली नोक्सान गर्ने हुँदा मानव वन्यजन्तु द्वन्द सृजना हुन पुगेकोले एकातर्फ वन्यजन्तुका लागी आवश्यक पर्ने खाना तथा पानी संरक्षित क्षेत्रभित्रै उपलव्ध गराउने र अर्को तर्फ तराईका मध्यवर्ती क्षेत्र र त्यसमा पनि वन्यजन्तुको वढी आवत जावत गर्ने क्षेत्रका स्थानीय बासिन्दालाई वन्यजन्तुको आनीबानी सम्वन्धी जानकारी गराई उनीहरुलाई वन्यजन्तुबाट सुरक्षित गर्न यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत तराईका संरक्षित क्षेत्रहरुले वन्यजन्तुको बढी आवत जावत हुने स्थानहरुमा स्थानीय बासिन्दा, संघ संस्थाका पदाधिकारीहरुलाई भेला गराई वन्यजन्तुको आनीबानी र सो वन्यजन्तुहरुबाट वच्ने उपाय सम्वन्धमा विज्ञहरुबाट प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रम संचालन गर्नेछन् । यस अन्तर्गत विज्ञलाई आमन्त्रण गरिएकोमा विज्ञको प्रशिक्षण भत्ता तथा सहभागीहरुको खाजा खर्च र कार्यक्रम संचालनमा जाँदा आउँदाको गाडिभाडा तथा ईन्धन खर्चहरु गरिनेछन।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १५,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** स्थानीय समुदायले वन्यजन्तुको आनीवानीको बारेमा थाहा पाउने र वन्यजन्तुको आक्रमणबाट बच्ने उपायहरुको बारेमा जानकारी प्राप्त गर्ने ।

## २. जैविक विविधता संरक्षण सम्वन्धी समन्वय गोष्ठी

**स्थान:**बाँके,बर्दिया,शुक्लाफाँटा,लामटाङ, शिवपुरी, मकालु, खप्तड,ढोरपाटन, अपिनम्पा, कृष्णसार, कंचनजङ्घा, अन्नपूर्ण, मनास्लू, गौरीशंकर

**क्रियाकलाप**: संरक्षित क्षेत्र आसपास तथा मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाहरुमा संरक्षित क्षेत्रको महत्व, संरक्षणको आवश्यकताका बारेमा जानकारी हासिल गराई संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापनमा स्थानीय बासिन्दाहरुको सकरात्मक सोचको विकास गराउने उदेश्यले यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालयले स्थानीय बासिन्दा, कार्यालय, संघ संस्थाका पदाधिकारीहरुलाई भेला गराई जैविक विविधाता संरक्षण सम्वन्धी जनसमन्वय गोष्ठी संचालन गर्नेछन् । यस अन्तर्गत सहभागीहरुको खाजा खर्च र कार्यक्रम संचालनमा जाँदा आउँदाको गाडिभाडा तथा ईन्धन खर्चहरु गरिनेछन।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १३,५०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** संरक्षित क्षेत्र वरपरका स्थानीय बासिन्दामा जैविक विविधता संरक्षण सम्वन्धी जानकारी हासिल भएको हुने ।

## ३. संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार)

**क्रियाकलाप**: विभिन्न भौगोलिक क्षेत्रमा रहेका संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा आई परेका समस्याहरुका बारेमा विभागीय प्रमुख, शाखा प्रमुख, संरक्षित क्षेत्रका प्रमुखहरु, संरक्षित क्षेत्रको संरक्षणमा खटिएका सुरक्षा सेनाका प्रमुखहरु र सरोकारवाला संस्थाका प्रमुखहरु सबै एकै थलोमा रहि छलफल गर्ने, समाधानका उपायहरु तय गर्ने र हाल राज्यले अंगालेका नीति अनुरुप आगामी दिनमा संरक्षित क्षेत्रहरुको दीगो संरक्षण र व्यवस्थापनका लागि भावी रणनीति तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत राज्यले संरक्षित क्षेत्रसंग सम्वन्धित विषयमा हाल प्राथमिकता दिएको विषयलाई समेटेर केन्द्र (विभाग) ले नारा तय गर्दछ, सोहि नारामा केन्द्रित रहि प्रत्येक संरक्षित क्षेत्रका प्रमुख (वार्डेन) ले आ-आफ्नो संरक्षित क्षेत्रको तर्फबाट प्रस्तुतिकरण गर्दछन र सो उपर अन्य सहभागीहरुबाट छलफल गराई आगामी दिनका लागी रणनीति तय गरिनेछ । यस सम्मेलनमा सो नारासंग सम्वन्धित विज्ञबाट समेत प्रस्तुतिकरण गर्ने गरिन्छ । सम्मेलनमा सहभागी हुने अतिथीदेखि सहभागीहरु सवैको आते जाते खर्च, खाना खर्च, बास खर्च लगायत सम्मेलनसंग सम्वन्धित सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १५,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापन देखिएका समस्या र चुनौतिका बारेमा साझा बुझाई भई आगामि दिनमा संरक्षण र व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउने दिशामा लक्षित भएको हुने ।

## ४. मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला

**क्रियाकलाप:** संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा स्थानीय बासिन्दाहरुको सहभागीता जुटाउने उदेश्यले राज्यबाट घोषणा भएका मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रका प्रमुख (मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षण क्षेत्र व्यबस्थापन समितिका अध्यक्ष) हरुलाई आ-आफ्नो क्षेत्रमा आई परेका समस्याहरुका बारेमा एकै थलोमा रहि छलफल गर्ने, समाधानका उपायहरु तय गर्ने र भावी रणनीति तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । विभागले आयोजना गर्ने यस कार्यक्रम अन्तर्गत सवै मध्यवर्ती क्षेत्र /संरक्षण क्षेत्रका अध्यक्षहरुको आतेजाते खर्च, खाना खर्च, बास खर्च लगायत भेला संचालन सम्वन्धी सवै खर्चहरु यसै शीर्षकबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ७,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन देखिएका समस्या र चुनौतिका बारेमा साझा बुझाई भई आगामि दिनमा संरक्षण र व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउने दिशामा लक्षित भएको हुने ।

## ५. पूर्व योजना तर्जुमा गोष्ठी

**क्रियाकलाप:** प्रत्येक संरक्षित क्षेत्र कार्यालयले चैत्र महिनाभित्र आफ्नो कार्यालयको आगामी आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम तयार गरी LMBIS मार्फत प्रस्ताव गर्नु पर्ने हुन्छ । यसरी बजेट प्रस्ताव गर्दा सम्वन्धित संरक्षित क्षेत्रको व्यवस्थापन योजनाका साथै राष्ट्रिय योजना आयोग, वन तथा वातावरण मन्त्रालयले गरेका मार्गदर्शनलाई समेत समेटेर बजेट प्रस्ताव गर्नु पर्दछ । कार्यालयहरुले प्रस्ताव गरेका कार्यक्रमहरुलाई राष्ट्रिय योजना आयोगका प्रतिनिधि ,अर्थ मन्त्रालयका प्रतिनिधी, वन तथा वातावरण मन्त्रालयका प्रतिनिधी, विभागीय प्रमुख, महाशाखा प्रमुखम शाखा प्रमुख र अन्य संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरु समेतको भेलामा प्रस्तुत तथा छलफल गरी अन्तिम प्रस्तावित कार्यक्रम तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस क्रियाकलापमा विभागले राष्ट्रिय योजना आयोग र वन तथा वातावरण मन्त्रालयबाट प्राप्त मार्गदर्शन र बजेट सिलिङ कार्यालयलाई उपलव्ध गराउँछ र सोही आधारमा कार्यालयले प्रस्तावित बजेट तथा कार्यक्रम तयार गरी पूर्व योजना तर्जुमा गोष्ठीमा प्रस्तुत गर्दछ । गोष्ठीमा सहभागीहरुको खाना,खाजा,बास र आतेजाते खर्च लगायत सो गोष्ठीसंग सम्वन्धित कार्यहरु सवैको सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभाग तथा संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** योजनाका आधारभूत विषय र आगामी आ.व.मा LMBIS मार्फत प्रविष्ट गर्ने विषयमा कर्मचारीहरुको क्षमता अभिबृद्धि भएको हुने ।

## ६. वन्यजन्तु अपराध नियन्त्रण व्यूरो बैठक /गोष्ठी

**स्थान:**चितवन, बाँके, बर्दिया, शुक्ला, पर्सा , कोशी, विभाग, लामटाङ, सगरमाथा, मकालु, शे-फोक्सुण्डो, खप्तड र अपिनम्पा

**क्रियाकलाप:** वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागी सरोकारवाला संस्थाहरुको सहयोगको आवश्यकता पर्दछ । त्यसैले वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि केन्द्रमा वन्यजन्तु अपराध

नियन्त्रण व्युरो र जिल्ला स्तरमा वन्यजन्तु अपराध नियन्त्रण ईकाईहरु गठन भएका छन। उक्त इकाईलाई सक्रिय रुपमा परिचालन गर्नका लागि समय समयमा समन्वय वैठक बस्नु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत वैठकका सहभागीहरुको स्टेशनरी तथा खाजा खर्चहरु पर्दछन।

**जनशक्ति व्यवस्थापन:** विभाग तथा संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २७,७५,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** सरोकारवाला निकाय बीच समन्वय र सहकार्य बृद्धि भई वन्यजन्तु अपराध नियन्त्रण गर्नमा सहयोग पुगेको हुने।

## ७. सामुदायिक वन व्यवस्थापन तालिम

**स्थान:** बाँके, पर्सा , लामटाङ, सगरमाथा, खप्तड, अपिनम्पा र गौरीशंकर

**क्रियाकलाप:** मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वन व्यवस्थापनका लागि उक्त समितिका पदाधिकारीहरुलाई वन व्यवस्थापन तालिम दिनु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत सम्वन्धित विज्ञ मार्फत सामुदायिक वनका पदाधिकारीहरुलाई वन व्यवस्थापन तालिम प्रदान गरिनेछ। विज्ञको प्रशिक्षण भत्ता तथा सहभागीहरुका लागी खाजा, वसभाडा, स्टेशनरी, प्रतिवेदन तयारी जस्ता खर्चहरु यसै शीर्षकबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ६,१०,०००।-वित्तिय व्यवस्था रहेको छ।

**उपलव्धी:** मध्यवर्ती सामुदायिक वन व्यवस्थापन प्रभावकारी भएको हुने।

## ८. सरोकारवाला निकायहरुसँगको समन्वय बैठक/गोष्ठी

**स्थान:** अन्नपूर्ण, कृष्णसार, गौरीशंकर, चितवन, पर्सा, बर्दिया, बाँके, मनास्लु, शुक्लफाँटा

**क्रियाकलाप:** संरक्षित क्षेत्रको महत्व, संरक्षणको आवश्यकता, संरक्षणमा सरोकारवाला निकायहरुको भूमिका, संरक्षित क्षेत्राका समस्या र चुनौतिहरुको बारेमा सम्बन्धित सरोकारवाला निकायहरु बीच छलफल गरी संरक्षितक्षेत्रको संरक्षण र व्यवस्थापमा थप योगदान पुर्‍याउनको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालयले सरोकारवाला निकायहरुलाई भेला गराई समन्वय र साझेदारीका विषयमा थप छलफल गर्नेछन्। यस अन्तर्गत सहभागीहरुको खाजा खर्च र कार्यक्रम संचालनमा जाँदा आउँदाको गाडीभाडा तथा इन्धन खर्चहरु गरिनेछन्।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गरी कार्यक्रम गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यकालागि रु. ७,६०,०००। बजेट व्यवस्था रहेको छ।

**उपलव्धी:** संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापनमा सरोकारवाला निकायहरुबीच समन्वय र साझेदारीमा थप मजबुत भएको हुने।

## ९. चोरीशिकार नियन्त्रण तालिम/गोष्ठी

**स्थान:** अपिनम्पा, कंचनजंगा, कोशीटप्पू, खप्तड, चितवन, बर्दिया, बाँके, मकालुबरुण, रारा, लामटाङ्ग, शिवपुरी नागार्जुन

**क्रियाकलाप:** संरक्षित क्षेत्रमा हुने चोरीशिकार नियन्त्रण गर्नको लागि समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईका साथै स्थानीय समुदाय/सम्बन्धित मध्यवर्ती क्षेत्रका उपभोक्ताको क्षमता अभिबृद्धिका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालयले समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईका साथै स्थानीय समुदाय/सम्बन्धित मध्यवर्ती क्षेत्रका उपभोक्तालाई भेला गराई चोरीशिकार नियन्त्रणका उपायहरुको बारेमा तालिम दिनेछन्। यस अन्तर्गत सहभागीहरुको खाजा खर्च र कार्यक्रममा जाँदा आउँदाको गाडीभाडा तथा इन्धन खर्चहरु गरिनेछन्।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गरी कार्यक्रम गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यकालागि रु. ९,८५,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** स्थानीय समुदायको क्षमता अभिबृद्धि भई संरक्षित क्षेत्रमा हुने चोरीशिकार कम भएको हुने ।

**१०. मध्यवर्ती क्षेत्र घोषणाका लागि स्थानीय समुदाय सशक्तीकरण गोष्ठी**

**क्रियाकलाप:** ढोरपाटन शिकार आरक्ष भित्र रहेका तथा वरीपरीका स्थानीय समुदायहरुलाई शिकार आरक्षको महत्व, संरक्षणको आवश्यकता र मध्यवर्ती क्षेत्र बनाउँदाको फाइदा बारे जानकारी दिई मध्यवर्ती क्षेत्र घोषण गर्ने उद्देश्यका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत स्थानीय समुदायलाई भेला गराई मध्यवर्ती क्षेत्रको महत्व र आवश्यकता सम्बन्धी सशक्तीकरण गोष्ठी संचालन गर्नेछन् । यस अन्तर्गत सहभागीहरुको खाजा खर्च र कार्यक्रममा जाँदा आउँदाको गाडिभाडा तथा ईन्धन खर्चहरु गरिनेछन ।

**जनशक्ति व्यवस्थापन:** आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गरी यो कृयाकलाप गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३, ००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** ढोरपाटन शिकार आरक्षमा मध्यवर्ती क्षेत्रको महत्व र आवश्यकता बारे स्थानीय समुदायको क्षमता अभिबृद्धि भई मध्यवर्ती क्षेत्र स्थापना तर्फ अग्रसर भएको हुने ।

**११. पशुधनीहरुसँग समन्वय बैठक**

**क्रियाकलाप:** कोशिटप्पु आरक्ष भित्र हुने चरिचरणलाई पशुधनीहरुसँग नै छलफल तथा अन्तरक्रिया गरी चरिचरण नियन्त्रण गर्ने उद्देश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत सहभागीहरुको खाजा खर्च र कार्यक्रममा जाँदा आउँदाको गाडिभाडा तथा ईन्धन खर्चहरु गरिनेछन ।

**जनशक्ति व्यवस्थापन:** आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गरी यो कृयाकलाप गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,२०,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** आरक्षको मध्यवर्ती क्षेत्रमा रहेका पशुधनीहरु सकारात्मक भई आरक्ष भित्र हुने चरिचरण कमी आउने ।

**१२. बैठक/सभा सम्मेलनमा सहभागिता**

**क्रियाकलाप:** नेपाल पक्ष राष्ट्र रहेका बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संध संस्था जस्तै UNESCO/IUCN/CITES/Ramsar आदिको महत्वपुर्ण बैठकहरुमा नेपालको सहभागिता बढाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा नेपालको पहिचान बढाउने,प्रगति,अनुभब,सिकाई आदि आदान प्रदान गर्ने उदेश्यका साथ यो क्रियाकलापको ब्यबस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** विभागले जनशक्ति परिचालन गरी यो कृयाकलाप गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २०,६०,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** अन्तराष्ट्रिय सन्धी सम्झौता अनुरुप नेपालको सहभागिता भई कार्यान्वयन भएको हुने ।

**१३. वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी तालिम**

**क्रियाकलाप:** वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागी नेपाल प्रहरी, सशत्र प्रहरीको पनि सहयोगको आवश्यकता पर्दछ । त्यसैले वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि नेपाल प्रहरी, सशत्र प्रहरी लगायत सरोकारवाला निकायहरुको क्षमता अभिबृद्धि गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत सहभागीको लागि खाजाखर्च, बास खर्च, कार्यक्रममा आउँदा जादा लाग्ने खर्चहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** विभाग तथा संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २,५०,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** नेपाल प्रहरी, सशत्र प्रहरी लगायतका सरोकारवाला निकायको क्षमता अभिबृद्धि भई वन्यजन्तु अपराध नियन्त्रण गर्नमा सहयोग पुगेको हुने ।

**१४. फौजदारी कार्यविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

**क्रियाकलाप:** संरक्षित क्षेत्र कार्यालयहर अर्धन्यायिक निकाय पनि भएकोले कार्यालय प्रमुख लगायत अनुसन्धान अधिकृतहरुलाई मुलुकी अपराध संहिता ऐन २०७४ तथा मुलुकी फौजदारी कार्यविधि २०७४ मा भएका व्यवस्था सम्बन्धी जानकारी गराउन आवश्यकता रहेकोले यो कृयाकलापको व्यवस्था गरिएको हो । यो संहिता तथा कार्यविधि सम्बन्धी विज्ञ व्यक्तिबाट अभिमुखीकरण गरिनेछ । यस अन्तर्गत विज्ञको पारिश्रमिक, सहभागीको लागि खाजाखर्च, बास खर्च, कार्यक्रममा आउँदा जादा लाग्ने खर्चहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** विभाग तथा संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५, ००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** संरक्षित क्षेत्रका प्रमुख लगायत अनुसन्धानमा खटिने अधिकृतहरुको क्षमता अभिबृद्धि भएको हुने ।

## ज. भौतिक पूर्वाधार निर्माण सुधार

### १. भवन निर्माण

**क्रियाकलाप:** संरक्षित क्षेत्रको मुख्य कार्यालय र सो अन्तर्गतका सेक्टर, पोष्टहरु गाउँ बस्ती भन्दा टाढा र संरक्षित क्षेत्र (जंगल) मा नै हुने हुँदा मुख्य कार्यालय, सेक्टर, पोष्ट भवनदेखि कर्मचारी आवास भवन, अतिथी गृह, हिरासत भवन जस्ता विभिन्न किसिमका भवनहरु निर्माण गर्नु पर्ने भएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत मुख्य कार्यालय र सेक्टर कार्यालय भवन निर्माण गर्दा सेवाग्राहीले कार्यालय प्रमुखको कोठादेखि अन्य शाखाहरु सजिलै देख्ने किसिमबाट निर्माण हुनुका साथै ढोका बाहिर शाखा/फाँटको नाम समेत लेखिनेछ । सेवाग्राहीहरुलाई आफ्नो पालो कुर्न बस्ने कुर्सी सहितको स्थान समेत व्यवस्था हुनेगरी निर्माण गरिने छ । कार्यालय प्रमुख र शाखा/फाँटहरुमा जाने बाटोहरु अपाङ्ग मैत्री हुनेछन भने कार्यालय बाहिर महिला र पुरुषका लागि छूट्टाछुट्टै कोठा हुने गरी शौचालय समेत निर्माण गरिनेछ । पोष्टहरु निर्माण गर्दा कार्यालयको कोठा सहित कर्मचारीलाई आवास सुविधा समेत हुने गरि भवन निर्माण गरिनेछ । यस शीर्षक अन्तर्गत मुख्य कार्यालय, सेक्टर कार्यालय, रेञ्जपोष्ट, पोष्ट, अतिथि गृह, हिरासत भवन, अधुरो भवनहरु , सूचना केन्द्र आदि निर्माण गरिनेछन् । "संरक्षित क्षेत्र भित्र निर्माण हुने भवनहरुको डिजाइन, नक्साको पुस्तिका"अनुसार यो कृयाकलाप गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १९,१०,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** कार्यालय, सेक्टर, पोष्ट र आवास गरी ३१ वटा भवन निर्माण भएको हुने ।

### २. खानेपानी निर्माण

**क्रियाकलाप:** संरक्षित क्षेत्र कार्यालय, सेक्टर, पोष्टमा कार्यरत कर्मचारीहरुका साथै कार्यालयमा आउने पर्यटक, सेवाग्राहीहरुका लागि खानेपानी व्यवस्था गर्न यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत पाईप गाडेर पानी ल्याउने तथा तराई क्षेत्रमा ट्यूवेल गाडेर पानी तान्ने गरिन्छ । पानी शुद्धिकरणको लागि उपकरण खरिद समेत गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ७५,३०,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलब्धी:** ४७ वटा उपयुक्त स्थानमा खानेपानी व्यवस्था भएको हुने ।

### ३. गिद्ध संरक्षण क्षेत्रको भवन निर्माण तथा व्यवस्थापन

**क्रियाकलाप**: संकटापन्न, दुर्लभ तथा लोपोन्मुख पंक्षि गिद्धको संरक्षण तथा व्यवस्थापन गर्न लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको गिद्ध प्रजनन केन्द्रको भवन / केज सानो र अपुग भएको हुँदा उक्त स्थानमा थप भवन/केज विस्तार र व्यवस्थापनका लागि सोही स्थानमा थप भवन/केज निर्माण गर्नुका साथै उक्त प्रजनन केन्द्र व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गरिनेछन ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३०,००,०००। बजेट व्यवस्था रहेको ।

**उपलब्धी:** संकटापन्न पंक्षी गिद्धका लागि आवश्यक पर्ने थप भवन/केज निर्माण भएको हुने ।

### ४. हिमालयन रिसर्च सेन्टर भवन निर्माण

**क्रियाकलाप**: दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु हिउँ चितुवाको अध्ययन अनुसन्धान गर्ने गराउने (विदेशी समेतलाई) कार्यका लागी कंचनजँङ्घा संरक्षण क्षेत्रको उच्च हिमाली क्षेत्रमा अनुसन्धानकर्ताहरुलाई अनुसन्धानको लागि आवश्यक प्रयोगशालाहरु, अनुसन्धानकर्तालाई बस्ने, खाने व्यवस्थाका लागी कोठाहरुको व्यवस्थाका साथै अनुसन्धानका उपकरणहरु समेत व्यवस्था हुने गरी अनुसन्धान केन्द्र निर्माण गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत चिसोबाट बच्ने किसिमका बस्ने कोठाहरु, भान्छाघर, गेष्टरुम लगायत अध्ययन अनुसन्धानका सामाग्रि सहितको अनुसन्धान कक्ष निर्माण गरिनेछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षण क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु. ४,००,००,०००। बजेट व्यवस्था गरिएको छ ।

**उपलब्धी:** उच्च हिमाली क्षेत्र कंचनजंगामा हिउँचितुवा अध्ययनको लागि आवश्यक पर्ने अनसुन्धान केन्द्र निर्माण भई हिउँचितुवाको संरक्षण कार्यमा थप टेवा पुगेको हुने ।

### ५. पर्यटन प्रवर्द्धनका लागि अतिथी गृह निर्माण

**क्रियाकलाप**: रारा राष्ट्रिय निकुञ्जमा अवलोकनका लागि जाने पर्यटकहरुको संख्या दिन प्रति दिन बढ्दै गएको तर ती पर्यटकहरुका लागि बास बस्ने होटल लजहरु पर्याप्त नभएको हुँदा राष्ट्रिय निकुञ्जमा आउने अतिथीहरुलाई बस्ने व्यवस्थाको लागी यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु. ४०,००,०००। बजेट व्यवस्था गरिएको छ ।

**उपलब्धी:** रारा राष्ट्रिय निकुञ्जमा अतिथि गृह निर्माण पर्यटकले बस्ने सुविधा पाएको हुने ।

### ६. कान्जिहाउस निर्माण

**स्थान**: कोशीटप्पू, रारा

**क्रियाकलाप**: संरक्षित क्षेत्रभित्र अनधिकृत रुपले चरिचरण गरेका गाइ भैंसी बाख्रा पुन: चरिचरण गर्न नपठाउन भन्ने उद्देश्यले तिनलाई पक्राउ गरि ल्याई थुनेर राख्ने र तिनका मालिकहरुलाई दण्ड जरिवाना गरि छाड्ने गरिन्छ । पक्राउ परेका गाइ भैंसी

बाख्राहरु सुरक्षित पूर्वक राख्नु पर्ने हुँदा खुला चौरमा वरिपरी काठले घेरेर वा सिमेन्टको पिलर मा काँडेतारवार गरि कान्जिहाउस निर्माण गरिन्छ | यस्ता कान्जिहाउस अनधिकृत रुपमा बढी चरिचरण हुने मुख्य कार्यालय, सेक्टर कार्यालय, रेन्ज पोष्ट र पोष्टको नजिक निर्माण गरिने छ |

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यकालागि रु. १६, ५०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** कोशीटप्पु वन्यजन्तु आरक्षमा ५ वटा र रारा राष्ट्रिय निकुञ्जमा १ वटा गरी ६ वटा कान्जिहाउस निर्माण भई चरिचरण नियन्त्रण भएको हुने ।

## झ. अन्य कार्यक्रम

### १. पञ्च वर्षिय व्यवस्थापन कार्ययोजना निर्माण

**स्थान:** अपिनम्पा संरक्षण क्षेत्र

**क्रियाकलाप:** संरक्षित क्षेत्र र सो को मध्यवर्ती क्षेत्रको दिगो व्यवस्थापनका लागी पञ्च वर्षिय कार्ययोजना निर्माण गरी सोही कार्ययोजना अनुरुप संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्न आवश्यक हुने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस क्रियाकलापमा कार्यालयले लागत अनुमान र ToR तयारि र स्वीकृत गरी सोही बमोजिम सेवा प्रदायक संस्थाबाट नेपाली भाषामा कार्ययोजना निर्माण गराउनेछ । सेवा प्रदायक संस्थाले सो कार्ययोजनालाई अन्तिम रुप दिनु अघि जिल्ला स्थित सरोकारवाला संस्थाहरुसँग छलफल अन्तर्क्रिया गरी उनीहरुबाट प्राप्त राय सुझावहरु समेतलाई समावेश गरिएको कार्ययोजनालाई केन्द्रिय स्तर ( राष्ट्रिय निकुञ्ज विभाग) मा प्रस्तुत गर्नेछ र प्राप्त राय सुझावहरुलाई समावेश गरी चालु आ.ब. भित्र अन्तिम कार्ययोजना पेश गर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १०,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** अपिनम्पा संरक्षण क्षेत्रको आगामी पाँच वर्षको कार्ययोजना निर्माण भएको हुने ।

### २. पञ्च वर्षिय व्यवस्थापन कार्ययोजनाको IEE

**स्थान:** अपिनम्पा संरक्षण क्षेत्र

**क्रियाकलाप:** संरक्षित क्षेत्र र सो को मध्यवर्ती क्षेत्रको दिगो संरक्षण, व्यवस्थापन र उपयोगका लागी पञ्च वर्षिय कार्ययोजना निर्माण गरी सोही कार्ययोजना अनुरुप संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्न आवश्यक हुने हुँदा व्यवस्थापन कार्ययोजनाको IEE गर्ने यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस क्रियाकलापमा कार्यालयले लागत अनुमान र ToR आधारमा सेवा प्रदायक संस्थाबाट IEE गराउनेछ । सेवा प्रदायक संस्थाले IEE को प्रतिवेदनलाई अन्तिम रुप दिनु अघि जिल्ला स्थित सरोकारवाला संस्थाहरुसँग छलफल अन्तर्क्रिया गरी उनीहरुबाट प्राप्त राय सुझावहरु समेतलाई समावेश गरि केन्द्रिय स्तर ( राष्ट्रिय निकुञ्ज विभाग) मा प्रस्तुत गर्नेछ र प्राप्त राय सुझावहरुलाई समावेश गरी चालु आ.ब. भित्र अन्तिम कार्ययोजनाको साथ IEE प्रतिवेदन पेश गर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००।-वित्तिय व्यवस्था रहेको छ ।

**उपलव्धी:** अपिनम्पा संरक्षण क्षेत्रको आगामी पाँच वर्षको कार्ययोजनाको **IEE** प्रतिवेदन तयार भएको हुने ।

**३. पर्यटकिय योजना निर्माण**

**स्थान:** पर्सा, शुक्लाफाँटा, खप्तड, रारा र शेफेक्सुण्डो ।

**क्रियाकलाप:** नेपालमा आउने पर्यटकहरुको प्रमुख गन्तब्य स्थान संरक्षित क्षेत्र हो | पर्यटनको थप सम्भावना भएका संरक्षित क्षेत्रहरु बृहत पर्यटन योजना बनाई पर्यटकीय कृयाकलापहरु सञ्चालन गरी थप पर्यटक भित्राउने र उनीहरुलाई थप व्यवस्थापन गर्ने उद्बश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । उक्त योजना निर्माण गर्दा संरक्षित क्षेत्रमा वार्षिक पर्यटकको Flow, स्थानीय जनताको पर्यटक व्यवसायमा संलग्नाता, स्थानीय समुदायको आर्थिक र सामाजिक अवस्थालाई समेत ध्यानमा राख्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पर्सा, शुक्लाफाँटा, खप्तड, रारा र शेफेक्सुण्डो राष्ट्रिय निकुञ्जको पर्यटकीय योजना निर्माण भई पर्यटन प्रवर्द्धनमा थप टेवा पुगेको हुने ।

**४. मोटरबोट खरिद**

**क्रियाकलाप:** रारा राष्ट्रिय निकुञ्जमा अवस्थित मनोरम ताल अवलोकनका लागि धेरै पर्यटकहरु भ्रमण गर्ने गरेको साथै रारा तालमा बोटिङ्ग समेट गर्ने हुँदा बोटिङ्ग गर्दा कुनै कारणवस केही दुर्घटना समेत हुन सक्ने भएको हुँदा त्यस्तो समयमा समयमै उद्दार गर्नुपर्ने भएकोले राम्रो गुणस्तरको मोटरबोट खरिद गर्नको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो । साथै कोशी नदीमा हुन सक्ने गैरकानुनी कृयाकलापलाई नियन्त्रण गर्न र नियमीत रुपमा गस्ती गर्ने प्रयोजनको लागि कोशीटप्पू वन्यजन्तु आरक्षमा पनि यो कृयाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गरी सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३५,४५,०००। बजेट व्यवस्था गरिएको छ ।

**उपलव्धी:** रारातालमा हुनसक्ने सम्भावित दुर्घटनालाई कम गर्न सहयोग पुगेको हुने । साथै कोशी टप्पु वन्यजन्तु आरक्षमा नियमीत रुपमा गस्ति गर्न थप सहयोग पुगेको हुने ।

**५. आखेटोपहार ब्यवस्थापन**

**क्रियाकलाप:** संरक्षित क्षेत्रमा प्राकृतिक रुपमा मृत्यु भएका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरुको आखेटोपहार तथा वन्यजन्तु अपराधका क्रियाकलापमा संलग्न भएका व्यक्तिबाट पक्राउ भै आएका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको आखेटोपहार तोकिएको स्थानमा सुरक्षित ढंगबाट भण्डारण गर्नु पर्ने हुन्छ | सुरक्षित पूर्वक भण्डारण गर्न तथा तोकिएको स्थानसम्म सुरक्षितपूर्वक लैजाने व्यबस्थाको लागि यस क्रियाकलापको ब्यबस्था गरिएको हो | यसमा निम्न क्रियाकलापहरु पर्दछन :

- क. आखेटोपहार ओसारपासर कार्य
- ख. सुरक्षाको खर्च
- ग. आखेटोपहार व्यवस्थापन (नष्ट गर्ने /सहयोग गर्ने /शिक्षण सामाग्रीका लागि दिने)
- घ. भण्डारण तथा Preservatives तथा आखेटोपहार व्यवस्थापनका लागि कार्यविधिमा उल्लेखित अन्य कार्यहरु ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था गरिएको छ ।

**उपलब्धी:** आखेटोपहार सुरक्षित रुपमा भण्डारण भएको हुने ।

### ६. चोरी शिकार नियन्त्रण स्विप अप्रेशन

**क्रियाकलाप**: संरक्षित क्षेत्रहरुको चोरी शिकारको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा वन पैदावार, वन्यजन्तुको चोरी शिकार नियन्त्रणकालागि संरक्षित क्षेत्र कार्यालयका कर्मचारी र सो क्षेत्रमा कार्यरत सुरक्षा सेना समेतको सयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो | यस अन्तर्गतका खर्चहरु " सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै सुरक्षार्थ खटिएका नेपाली सेनालाई परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३३,१०,०००। बजेट व्यवस्था गरिएको छ ।

**उपलव्धी:** ९५ पटक स्विप अपरेसन भई अवैध चोरीशिकारमा कमी आएको हुने ।

### ७. चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान

**क्रियाकलाप**: वन्यजन्तुको चोरी शिकार नियन्त्रणमा सरकारी पक्षबाट मात्र भन्दा स्थानीय युवाहरुलाई पनि परिचालन गर्न सकेमा बढी उपलब्धीमुलक हुने हुँदा संरक्षण प्रति चासो राख्ने युवाहरुको समुह मार्फत चोरी शिकारका सम्भावित क्षेत्रमा कर्मचारी समेत समाबेश भएको स्थानीय युवाहरुको टोलीले १ दिन गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको ब्यबस्था गरिएको छ | गस्ती कार्यमा खटिने युवाहरुलाई १ दिनको न्युनतम पारिश्रमिक, खाजा, पानी जस्ता खर्चहरु यसै कार्यक्रममा समाबेश गर्नु पर्नेछ | यस खर्चहरु "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार गर्नु पर्नेछ

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै स्थानीय युवाहरु परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ४,१०,०००। बजेट व्यवस्था गरिएको छ ।

**उपलव्धी:** ४५ पटक युवा परिचालन भई अवैध चोरीशिकारमा कमी आएको हुने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं
२०३७

## (आ) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**(क) वन्यजन्तु पालन तथा प्रजनन् कार्यक्रम**

**१. वन्यजन्तु पालनको नमुना केन्द्र निर्माण**

**क्रियाकलाप:** वन्यजन्तुको व्यवसायिक पालन गर्न सकिने व्यवस्था राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ रहेको र नियमावली संसोधन गरी स्वीकृतिको प्रक्रियामा रहेको, जसले गर्दा वन्यजन्तुको व्यवसायिक पालनको लागि माग अध्यधिक रहेको अवस्थामा वन्यजन्तु पालन गर्दा अपनाउनु पर्ने सम्पूर्ण प्राविधिक पक्षहरुलाई मध्यनजर गरी नमूनाको रुपमा प्रदर्शन गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत चितवन रा.नि.मा वन्यजन्तु पालनको नमुना केन्द्र स्थापना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै आवश्यकता अनुसार प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८०,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** चितवन रा.नि.मा वन्यजन्तु पालनको नमूना केन्द्र निर्माण भएको हुने ।

**२. वन्यजन्तु प्रकाउका लागि होल्डिङ्ग केज निर्माण**

**क्रियाकलाप:** वन्यजन्तु पालनको नमूना केन्द्र निर्माण पश्चात वन्यजन्तु राख्नको लागि वन्यजन्तुलाई पक्राउ गरी नमूना केन्द्रमा राख्नको लागि होल्डिङ्ग केजको आवश्यकता पर्दछ । त्यस्तै कुनै व्यक्ति वा संघसंस्थाले व्यवसायिक पालनका लागि माग गरेमा ती वन्यजन्तुलाई पनि पक्राउ गरी सम्बन्धित स्थान सम्म पुर्‍याउनको लागि पनि होल्डिङ्ग केजको आवश्यकता पर्दछ । तसर्थ यस कार्यको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत पालनका लागि माग हुने विभिन्न प्रजातीका वन्यजन्तु प्रकाउका लागि होल्डिङ्ग केजको निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै आवश्यकता अनुसार प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २०,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पालनमा जाने विभिन्न वन्यजन्तु प्रजातिका लागि होल्डिङ्ग केजको निर्माण भएको हुने ।

**३. वन्यजन्तु पालन तथा प्रजननको कार्यविधि/मापदण्ड निर्माण**

**क्रियाकलाप:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र नियमावली अनुसार वन्यजन्तु पालन तथा प्रजनन् सम्बनधी कार्यविधि निर्माणका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत वन्यजन्तु पालन सम्बन्धी विस्तृत मापदण्डहरु समावेश गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** वन्यजन्तु पालन तथा प्रजनन कार्यविधि/मापदण्ड मस्यौदा तयार भएको हुने ।

**४. वन्यजन्तु पालन प्रजननमा जाने प्रजातीहरुको अध्ययन**

**क्रियाकलाप:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली अनुसार वन्यजन्तु पालन तथा प्रजनन्मा जाने प्रजातीहरुको विस्तृत अध्ययनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत प्रजातीको अवस्थाका साथै इकोलोजिकल अध्ययन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** वन्यजन्तु पालन तथा प्रजननमा प्रजातीको अवस्था बारे एकिन हुने साथै सो प्रजाती पालन गर्दा हुने फाइदा बारे समेत जानकारी प्राप्त भएको हुने ।

**५. वन्यजन्तु पालन तथा प्रजननको कार्यविधि/मापदण्डको अभिमुखीकरण**

**क्रियाकलाप:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र नियमावली अनुसार तयार गरिएको वन्यजन्तु

वटै प्रदेश र केन्द्रस्तरमा सम्बन्धी सरोकारवाला निकायहरुसँग छलफल गर्ने उद्देश्यका लागि यो क्रियाकलापको व्यवस्था व्यवस्था गरिएको हो । यस अन्तर्गत उक्त कार्य गर्नजाँदा आउने जाने खर्च,बासखर्च, खानाखर्च यसैबाट खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** वन्यजन्तु पालन तथा प्रजनन कार्यविधि/मापदण्डका बारेमा सम्बन्धीत सरोकारवाला निकायलाई जानकारी प्राप्त भएको हुने ।

**६. वन्यजन्तु पालनको लागि माग भएका स्थानको स्थलगत अनुगमन, निरीक्षण**

**क्रियाकलाप:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र नियमावली अनुसार पालनका लागि माग गरिएको वन्यजन्तु पालन गर्ने स्थानको अवस्था के छ, प्रजातीको लागि स्थान ठीक छ छैन, स्थान पर्याप्त छ छैन आदी विषयमा यस क्रियाकलाप अन्तर्गत पर्दछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १४,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** स्थानको अवस्था, वातावरणीय अनुकुलता र पर्याप्तताको बारेमा जानकारी प्राप्त भएको हुने ।

।

**७. वन्यजन्तु पालन सम्बन्धी सरोकारवालाहरुसँग समन्वय बैठक**

**क्रियाकलाप:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र नियमावली अनुसार पालनका लागि वन्यजन्तु माग पश्चात र स्थलगत अनुगमन पश्चात सम्बन्धित निकायहरुसँग छलफल पालन सम्बन्धी छलफलका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** सरोकारवालाहरुबीचको समन्वय प्रभावकारी भएको हुने ।

।

**८. वन्यजन्तु पक्राउका लागि आवश्यक उपकरण तथा औषधी खरिद**

**क्रियाकलाप:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र नियमावली अनुसार पालनका लागि माग भएका वन्यजन्तु पक्राउका लागि आवश्यक उपकरण तथा औषधी खरिदका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । साथै वन्यजन्तु उद्दार तथा व्यवस्थापन गर्नुपरेमा यस अन्तर्गत खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** उपकरण तथा औषधी खरिद भई वन्यजन्तु पक्राउका लागि सहज भएको हुने ।

।

**(ख) अध्ययन अनुसन्धान**

**१. वन्यजन्तुको प्रजाती कार्ययोजना निर्माण**

**क्रियाकलाप:**संकटापन्न, दुर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका वन्यजन्तु प्रजातीहरुको कार्ययोजना निर्माण गरी संरक्षण कार्यलाई प्राथमिकता दिनको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । प्राविधिक समितिमा छलफल गरी वन्यजन्तुको अवस्थाको आधारमा प्राथमिकता दिई कार्ययोजना निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ साथै संरक्षण साझेदार संस्थाहरुको पनि सहयोग लिनेछ । प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २१,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** संकटापन्न, दुर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका ३ वटा वन्यजन्तुको संरक्षण कार्ययोजना निर्माण भएको हुने ।

२. वन्यजन्तुको स्थानान्तरणको प्रभावकारिता एवं प्रभाव अध्ययन

**क्रियाकलापः** यस विभागले विगत धेरै वर्ष अगाडि देखि गैंडा लगायतका वन्यजन्तुको स्थानान्तरण कार्य गरिरहेको छ । स्थानान्तरण कार्य पश्चात वन्यजन्तुको अवस्था के छ, वन्यजन्तुको संख्यामा कस्तो छ? वासस्थान एवं इकोसिष्टममा कस्तो असर परिरहेको छ लगायत समग्र विषयमा अध्ययन गर्नको लागि यो कृयाकलापको व्यवस्था गरिएको छ । यस अन्तर्गत गैंडा, अर्ना, बाह्रसिंगा, कृष्णसार स्थानान्तरणको प्रभावकारिता र प्रभाव अध्ययन गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** विभागले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै संरक्षण साझेदार संस्थाहरुको सहयोग लिनेछ । आवश्यकता अनुसार प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. २१,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धीः** गैंडा, अर्ना, बाह्रसिंगा, कृष्णसार स्थानान्तरणको अवस्था र प्रभावकारिता बारे थाहा भएको हुने ।

३. चितवन रा.निमा गैंडाको मृत्यु र बासस्थापन भएको परिवर्तन सम्बन्धी अध्ययन

**क्रियाकलापः** आ.व. ०७५/७६ मा चितवन रा.नि.मा ४६ वटा गैंडा मृत्यु भएको जुन तथ्यांक अघिल्लो वर्षहरुमा भन्दा बढी भएकोले गैंडा मृत्युका कारणहरुको बारेमा अध्ययन गर्न र बासस्थानमा भएको परिवर्तन सम्बन्धी अध्ययनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत फिल्ड सर्वेक्षण तथा तथ्यांक संकलन, नमुना संकलन, पानीको गुणस्तर मापन/पानी प्रदुषण मापन, प्रयोगशालामा परिक्षण लगायतका कार्यहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापनः** विभागले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै संरक्षण साझेदार संस्थाहरुको सहयोग लिनेछ । आवश्यकता अनुसार प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. १०,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धीः** चितवन रा.नि.को बासस्थानमा भएको परिवर्तनको अवस्था र गैंडाको मृत्यु सम्बन्धी कारणहरुको बारेमा प्रतिवेदन प्राप्त भएको हुने ।

ग) प्राणी उद्यान कार्यक्रम

१. प्राणी उद्यान स्थापना सम्भाव्यता अध्ययन

**क्रियाकलापः** नेपाल सरकारले प्रत्येक प्रदेशमा एक एक वटा प्राणी उद्यान स्थापना गर्ने नीति अनुरुप यो कृयाकलापको व्यवस्था गरिएको छ । यस अन्तर्गत प्रत्येक प्रदेशमा प्राणी उद्यान स्थापना गर्न सकिने स्थानहरुको सम्भाव्यता अध्ययन गरी सबैभन्दा उत्तम स्थानको कार्ययोजना समेत निर्माण गरिनेछ । विज्ञहरुहरु मार्फत यो कृयाकलाप गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** विभागले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्नेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. १,५०,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धीः** ६ वटा स्थानको सम्भाव्यता अध्ययन भई कार्ययोजना निर्माण समेत भएको हुने ।

२. प्राणीउद्यानको डिपिआर तयारी

**क्रियाकलापः** राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँको गुरुयोजना तयार भई तयारीको चरणमा रहेको हुँदा उक्त गुरुयोजना अनुसार प्राणी उद्यानको डिपिआर तयारी गरी कार्य सञ्चालन गर्नुपर्ने भएको हुँदा यो क्रियाकलापको व्यवस्था गरिएको हो । विज्ञहरुको टिमबाट डिपिआर बनाउने कार्य हुनेछ ।

**जनशक्ति व्यवस्थापनः** प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न गरिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. १०,००,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धीः** राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँको डिपिआरको मस्यौदा तयार भएको हुने ।

३. प्राणीउद्यान फेन्सिङ्ग

**क्रियाकलापः** भानुभक्त प्राणी उद्यान तनहुँको जग्गा सुरक्षित गरी डिमार्केसन अनुसार फेन्सिङ्ग गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत आरसिसि पोल निर्माण गरी जमिनमा गाड्ने, मेसजाली लगाउने लगायतका कार्यहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापनः** प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न गरिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ४,२०,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धीः** भानुभक्त प्राणी उद्यान तनहुँमा १० कि.मिं फेन्सिङ्ग निर्माण उद्यानको जग्गा सुरक्षित भएको हुने ।

४. टिमुरे प्राणीउद्यान स्थापना

**क्रियाकलापः** लमजुङ्ग टिमुरेमा प्राणी उद्यान स्थापना वन्यजन्तुको परस्थानीय संरक्षण गर्न र पर्यापर्यटन मार्फत स्थानीय समुदायको जीविकोपार्जन र रोजगारी सृजनामा टेवा पुर्‍याउने यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापनः** प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न गरिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ४,००,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धीः** लमजुङ्ग टिमुरेमा प्राणी उद्यान स्थापनाका प्रारम्भिक कार्यहरु शुरुवात भएको हुने ।

५. साइनबोर्ड/ सूचनाबोर्ड निर्माण

**क्रियाकलापः** राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यानभित्र प्रवेश गर्ने पर्यटक तथा सेवाग्राहीहरूलाइ निषेधित कुराहरु लगायत अन्य सूचनाहरु जानकारी गराउन ठाउँ ठाउमा साइनबोर्ड, सूचना बोर्ड तथा होर्डिंगबोर्ड राख्नु पर्ने हुदा यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापनः** प्राणी उद्यानले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ३,७०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँमा १७ वटा साइनबोर्ड/सूचनाबोर्ड/होर्डिङ्ग स्थापना भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुने ।

६. भ्यू टावर निर्माण

**क्रियाकलापः** भानुभक्त प्राणी उद्यानमा आउने पर्यटकहरुको मुख्य उद्देश्य भनेको नै वन्यजन्तु र भूदृश्यहरुको अवलोकनका लागि सहज होस भनी यो कृयाकलापको व्यवस्था गरिएको हो । यस कार्यले गस्ती प्रयोजनका लागि समेत टेवा पुग्ने देखिन्छ । यस अन्तर्गत आर.सी.सी.युक्त भ्यू-टावर निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** प्राणी उद्यान कार्यालयले आफ्नो जनशक्ति परिचालन गरी प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. २५,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धीः** १ वटा भ्यू टावर निर्माण भई पर्यटकलाई प्रत्यक्ष रुपमा वन्यजन्तु र भूदृश्यको अवलोकन गर्न सहज भएको हुने ।

७. वनपथ निर्माण

**क्रियाकलापः** पर्यटकहरुलाई राष्ट्रिय प्राणी उद्यान र भानुभक्त प्राणी उद्यानमा सहज किसिमले हिड्न र अवलोकन गर्न तथा कर्मचारीहरुबाट वन्यजन्तुको चोरी शिकार नियन्त्रणका लागि नियमित गस्ती गर्न वनपथ तथा बाटोको आवश्यक पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत सकेसम्मठुला रुखहरुलाई जोगाई बट्यान, झाडि हटाउने, बाटोमा परेका रुख ठुटा उखेल्ने, होचो भागमा माटो भर्ने, पानी जम्ने स्थानमा ढुंगा गिट्टी हाल्ने, बाटोको दाँयाबायाँ वर्षातको पानी जाने गरी नाली समेत खनी गाडी आवत जावत गर्ने मिल्ने किसिमबाट वन पथ निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट पनि यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १५,५०,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** १२ कि.मि. वनपथ निर्माण भई पर्यटकले सहज ढंगबाट वन्यजन्तुको अवलोकन गर्न सक्ने। साथै वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने कार्य र वन डढेलो नियन्त्रण कार्यमा पनि सहयोग पुग्ने।

८. गोरेटो बाटो निर्माण

**क्रियाकलाप:** राष्ट्रिय प्राणी उद्यान र भानुभक्त प्राणी उद्यानमा सहज किमिसले हिडडुल गर्न र वन्यजन्तुको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने, वन्यजन्तुको अवलोकन गर्ने र पदयात्री पर्यटकहरुलाई अवलोकनमा सहज बनाउन यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत मानिस आवत जावत गर्न मिल्ने किसिमबाट घाँस, बुट्यान, झाडि हटाउने, पहाडी क्षेत्रको ठाडो उकालोमा सिंढी निर्माण गर्ने, वर्षातको समयमा चिप्लो हुने पहाडी तथा हिमाली गोरेटो बाटोमा ढुंगा विछयाउने, बर्षातको पानी बग्ने गरी दुबै तर्फ नाला खन्ने आदि कार्य गरी गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २,५०,००० बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी:** ५ कि.मी. गोरेटो बाटो निर्माण भई पर्यटकले सहज ढंगबाट वन्यजन्तु र भूदृश्यको अवलोकन गर्न सक्ने। साथै वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रणका लागी गस्ती गर्ने कार्य र वन डढेलो नियन्त्रण कार्यमा पनि सहयोग पुग्ने।

९. **खानेपानी निर्माण तथा व्यवस्थापन, खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन**

**क्रियाकलाप:** राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँमा मानव तथा वन्यजन्तुको लागि खानेपानीको व्यवस्था गर्नुपर्ने भएको हुँदा यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत खानेपानी टंकी निर्माण गर्ने, पाइप जडान गर्ने, मुहान संरक्षण गर्ने कार्यहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** राष्ट्रिय प्राणी उद्यान भक्तपुरमा १ वटा ठूलो खालको पानी टंयाकी निर्माण भई मानव र वन्यजन्तुको लागि पानी पर्याप्त भएको हुने साथै भानुभक्त प्राणी उद्यानमा भानुभक्त प्राणी उद्यानमा २ वटा पानी मुहान संरक्षण भएको हुने ।

१०. भवन निर्माण

**क्रियाकलाप:** भानुभक्त प्राणी उद्यानमा कार्यालय भवन र आवास भवन तथा विभागमा सभाहल र स्तनपान कक्ष निर्माण लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गर्न गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,७२,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** भानुभक्त प्राणी उद्यान तनहुँमा १ वटा कार्यालय भवन र १ वटा आवास भवन, विभागमा १ वटा सभाहल र १ वटा स्तनपान कक्ष निर्माण भएको हुने ।

११. **सरोकारवालासँग संरक्षण सम्बन्धी अन्तरक्रिया गोष्ठी/जैविक विविधता संरक्षण सम्बन्धी जनसमन्वय गोष्ठी**

**क्रियाकलाप:** स्थानीय बासिन्दाहरु लगायत सरोकारवालाहरु संघ संस्थाका प्रतिनिधिहरुलाई जैविक विविधता संरक्षण र प्राणी उद्यान सम्वन्धी जानकारी गराउन यस क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत कार्यालयले जिल्ला स्थित कार्यालय, संघ, संस्था, राजनैनिक दलहरुका प्रतिनिधीहरुलाई आमन्त्रण गरी जैविक विविधता संरक्षण र प्राणी

उद्यान सम्वन्धी अन्तरक्रिया गर्नेछ । सहभागीहरुलाई वित्तिय व्यवस्थाका आधारमा खाना तथा खाजाको व्यवस्था समेत यसै क्रियाकलापबाट गरिनेछ।

**जनशक्ति व्यवस्थापन:** प्राणी उद्यान कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २,५०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँमा ६ वटा संरक्षण सम्बन्धी गोष्ठी सञ्चालन भई सम्बन्धित सरोकारवाला निकायहरु संरक्षण प्रति सचेत भएको हुने ।

## (घ) सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम

### १. नर्सरी स्थापना

**क्रियाकलाप:** आ.व.०७६/७७ बृक्षारोपण वर्ष पनि भएकोले गौरीशंकर संरक्षण क्षेत्र र पर्सा रा.नि.का सामुदायिक तथा कबुलियती वनहरुमा बृक्षारोपण गर्नको लागि विरुवा उत्पादनको लागि नर्सरी स्थापनाका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ७,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** ३ वटा नर्सरी स्थापना भई बृक्षारोपणका लागि आवश्यक विरुवा उत्पादन भएको हुने ।
।

### २. सामुदायिक वनको विधान तथा कार्ययोजना नविकरण

**क्रियाकलाप:** सामुदायिक वनको कार्ययोजनाको अवधि ५ वा १० वर्षको हुने भएकोले उक्त अवधि समाप्त भएपछि पून: नविकरण गर्नुपर्ने र विधान पनि समय सापेक्ष बनाउनको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । विधान र कार्ययोजनाले निर्देशित गरेका कार्यहरुमात्र सामुकायिक वनमा गर्नुपर्नेछ । विधान तथा कार्ययोजना प्रमुख संरक्षण अधीकृतले स्वीकृत गर्नुपर्नेछ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** खप्तड रा.नि., अपिनम्पा र पर्सा रा.नि.अन्तर्गतका ३० वटा सामुदायिक वनको विधान र कार्ययोजना नवीकरण भई सामुदायिक वनको व्यवस्थापन भएको हुने ।

### ३. विरुवा खरिद तथा रोपण

**क्रियाकलाप:** चितवन रा.नि. र पर्सा रा.नि.का कबुलियती वनक्षेत्र वा नीजी जग्गामा विभिन्न किमिसका जडीबुटी, फलफूल र डाले घाँसका विरुवाहरु बृक्षारोपण गरी कबुलियती वनका उपभोक्ताको जिविकोपार्जनमा टेवा पुर्‍याउन लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत विरुवा खरिद, विरुवा ढुवानी, खाल्डो खनी रोपण गर्ने कार्यहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १२,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** चितवन र पर्सा रा.नि.अन्तर्गतका ४२ वटा समूहहरुले कबुलियती वनक्षेत्र वा निजी जग्गामा बृक्षारोपण गरी हरियाली प्रवर्द्धनका साथै आयआर्जनमा टेवा पुगेको हुने ।

### ४. कबुलियती वन व्यवस्थापन तालिम

**क्रियाकलाप:** पर्सा रा.नि.का कबुलियती वन उपभोक्ताहरुलाई कबुलियती वनको व्यवस्थापन सम्बन्धी तालिम दिनको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,५०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पर्सा रा.नि.अन्तर्गतका ७ वटा समूहहरुले कबुलियती वन व्यवस्थापन तालिम प्राप्त व्यवस्थापनका कार्यहरु गरेको हुने ।

५. जडीबुटी वन पैदावार खेति विस्तार तालिम

**क्रियाकलाप:** पर्सा रा.नि.का कबुलियती वनक्षेत्र वा नीजी जग्गामा विभिन्न किमिसका जडीबुटी खेती गरी कबुलियती वनका उपभोक्ताको जिविकोपार्जनमा टेवा पुर्याउन लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पर्सा रा.नि.अन्तर्गतका समूहहरुले जडीबुटी खेती विस्तार सम्बन्धी तालिम प्राप्त गरी जडीबुटी खेती गरेको हुने ।

६. लैंगिक तथा समावेशी सशक्तिकरण तालिम

**क्रियाकलाप:** पर्सा, चिवतन रा.नि. र गैरीशंकर संरक्षण क्षेत्रका कबुलियती वनउपभोक्ताहरु र कर्मचारीहरुलाई लैंगिक ता सामाजिक समावेशीकरणका अवधारण, महत्व, आयामहरुको बारेमा तालिम मार्फत सशक्तिकरण गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । तालिमका प्रशिक्षको प्रशिक्षण भत्ता, सहभागीहरुको खाना, खाजा, स्टेशनरी लगायत यस तालिमसँग सम्बन्धित कार्यहरु गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शिर्षकबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा संरक्षण क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ४,१०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** लैंगिक तथा सामाजिक समावेशीकरण विषयमा कर्मचारी तथा उपभोक्ता समूहका सदस्यहरुको सशक्तिकरण भएको हुने ।

७. नेतृत्व विकास तालिम

**क्रियाकलाप:** गौरीशंकर संरक्षण क्षेत्र र पर्सा रा.नि.का कबुलियती वन उपभोक्ताहरुको नेतृत्व विकासका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । तालिमका प्रशिक्षको प्रशिक्षण भत्ता, सहभागीहरुको खाना, खाजा, स्टेशनरी लगायत यस तालिमसँग सम्बन्धित कार्यहरु गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शिर्षकबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा संरक्षण क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,२५,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** गौरीशंकर संरक्षण क्षेत्र र पर्सा रा.नि.अन्तर्गतका कबुलियती वन उपभोक्ता समूहको नेतृत्व विकास भएको हुने ।

८. जीविकोपार्जन सूधार योजना (LIP) कार्यान्वयन सहयोग

**क्रियाकलाप:** पर्सा रा.नि.का कबुलियती वन उपभोक्ताहरुको जीविकोपार्जनमा टेवा पुग्ने कृयाकलापहरु सञ्चालन यो क्रियाकलापको व्यवस्था गरिएको हो । जीविकोपार्जन सुधार योजनामा उल्लेख भए बमोजिमका क्रियाकलापहरु जस्तैः बाख्रापालन, मौरीपालन, तरकारी खेती लगायतका क्रियाकलापहरुमा सहयोग गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पर्सा रा.नि.का कबुलियती वन उपभोक्ता समूहको जीविकोपार्जनमा सहयोग पुगेको हुने ।

९. माहुरी पालन सहयोग

**क्रियाकलाप:** चितवन र पर्सा रा.नि.का कबुलियती वन उपभोक्ताहरुको जीविकोपार्जनमा टेवा पुर्याउन यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** चितवन र पर्सा रा.नि.का कबुलियती वन उपभोक्ता समूहको जीविकोपार्जनमा सहयोग पुगेको हुने ।

(ङ) कर्मचारी तालिम

**१. कर्मचारीहरुका लागि LMBIS तालिम**

**क्रियाकलापः** प्रत्येक संरक्षित क्षेत्र कार्यालयले चैत्र महिनाभित्र आफ्नो कार्यालयको आगामी आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम तयार गरी LMBIS मार्फत प्रस्ताव गर्नु पर्ने हुन्छ । यसरी बजेट प्रस्ताव गर्दा सम्वन्धित संरक्षित क्षेत्रको व्यवस्थापन योजनाका साथै राष्ट्रिय योजना आयोग, वन तथा वातावरण मन्त्रालयले गरेका मार्गदर्शनलाई समेत समेटेर बजेट प्रस्ताव गर्नु पर्दछ । कर्मचारीको क्षमता अभिबृद्धिका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । तालिममा सहभागीहरुको खाना,खाजा,बास र आतेजाते खर्च लगायत सो तालिमसंग सम्वन्धित कार्यहरु सवैको सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ ।

**जनशक्ति व्यवस्थापनः** विभागले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।
**बजेट व्यवस्थापनः** यस कार्यका लागि रु. ६,००,०००। बजेट व्यवस्था रहेको छ ।
**उपलब्धीः** कर्मचारीको क्षमता अभिबृद्धि भई फिल्ड कार्यालयबाट LMBIS मार्फत बजेट प्रस्ताव भएको हुने ।

## (इ) हात्तिसार कार्यक्रम

### १. हात्तिसार भवन निर्माण तथा मर्मत

**क्रियाकलाप:** चितवन राष्ट्रिय निकुञ्जमा हात्तिसार कार्यालय देखि कर्मचारी आवास भवन निर्माण गर्नुपर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो साथै पहिले निर्माण भएका भवनहरुको मर्मत गर्नुपर्ने हुँदा भवन मर्मत लागि पनि व्यवस्था गरिएको हो । "संरक्षित क्षेत्र भित्र निर्माण हुने भवनहरुको डिजाइन, नक्साको पुस्तिका"अनुसार यो कृयाकलाप गरिनेछ ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८४ लाख बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** चितवन राष्ट्रिय निकुञ्जमा २ वटा हात्तिसारका नयाँ भवन निर्माण भएको हुने । साथै कोशीटप्पु, चिवतन, बर्दिया र शुक्लाफाँटामा ४ वटा भवन मर्मत भएको हुने ।

### २. पर्यटक विश्रामस्थल निर्माण

**क्रियाकलाप:**हात्तिसार घुम्न आउने पर्यटकका लागि हात्तिसार नजिकै आरामका साथ हात्तिसारमा राखिएका हात्तीहरुको अवलोकनका लागि सहज होस भन्ने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । घाम र पानीबाट सुरक्षित हुन सेडको व्यवस्था गरिन्छ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८,००,००० । बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** चितवन, बर्दिया र शुक्लाफाँटा रा.नि.का हात्तीसारहरुमा ४ वटा पर्यटक विश्रामस्थल निर्माण भई पर्यटकलाई अवलोकनका लागि सहज भएको हुने ।

### ३. हात्तीको सेडघर निर्माण र मर्मत

**क्रियाकलाप:** हात्तीलाई घाम, पानीबाट सुरक्षा गर्नको लागि हात्तीको सेडघरको आवश्यकता हुने हुंदा सेडघर निर्माण गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । सार्वजनिक खरिद ऐन नियमानुसार निर्माण हुने यस्ता सेडघरहरुको कार्यालयले "संरक्षित क्षेत्र भित्र निर्माण हुने भवनहरुको डिजाइन, नक्साको पुस्तिका" अनुसारको गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३३,४५,००० । बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** ५ वटा नयाँ हात्तीका सेडघर निर्माण र १५ वटा सेडघरको मर्मत भई हात्ती सुरक्षित रुपमा बस्नलाई सहज भएको हुने ।

### ४. हात्तिसार व्यवस्थापन

**क्रियाकलाप:** हात्तिको उचित स्वास्थ र स्वस्थ जीवनका लागि सरसफाईको भुमिका अधिक हुने गर्दछ । यसका लागि हात्ति बस्ने सेडघरको सरसफाई नियमित गरनु पर्ने हुन्छ । सरसफाइका अलावा हात्तिबाट पर्यटकको सुरक्षा र सरल अबलोकनका लागि बिभिन्न संरचनाहरु पनि बनाउनु पर्ने हुन्छ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु पर्दछ-

क. हात्तिको थान भरने

ख. हात्तिको सेड घर वरिपरि सोलार फेन्सिङ गर्ने

ग. बिजुलि,पानी, भित्रि बाटो, नाला बनाऊने

घ. पर्यटकलाई हात्ति अबलोकन गर्न सहज हुने किसिमले सेड घर वरिपरि पोल जाली लगाउने

ङ. हात्तीको बायोलोजि सम्बन्धी डिसप्ले,

च. हाउदा निर्माण। मर्मत, पुजा, बच्चा जन्मदाको नित्यकर्म आदि

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ३०,००,००० । बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** हात्तीसार क्षेत्र व्यवस्थित भएको हुने ।

## ५. बच्चा हात्तीलाई तालीम

**क्रियाकलाप:** हात्तीसारमा जन्मेका प्रत्येक वच्चा हात्तीलाई अनिवार्य रुपमा तालीम दिनु पर्ने हुन्छ, त्यस्ता तालीम संचालन गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । वच्चा हात्तीलाई तालीम दिंदा लाग्ने सम्पूण खर्च यसै शिर्षकमा समावेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** बच्चा हात्तीले तालिम प्राप्त गरेको हुने ।

## ६. हात्तीसारका कर्मचारीलाई हात्ती व्यवस्थापन तालीम

**क्रियाकलाप:** हात्तीसारका कर्मचारीहरु मध्ये श्रेणी विहिन (निम्नस्तर) फणित, पछुवा र माहुत भएको र यिनीहरुको पदपूर्ति लोकसेवा आयोगबाट हुने भएकोले नयां कर्मचारीहरुलाई हात्तीको स्याहार सुसार, हात्तीको दाना, घांस पानी खुवाउने र हात्ती परिचालन गर्ने सम्वन्धी तालीम दिनु पर्ने हुंदा यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज तथा आरक्ष कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १०,००,००० बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** कर्मचारीको क्षमता अभिबृद्धि भई हात्तीको स्याहारसुसारमा थप प्रभावकारी भएको हुने ।

## (ई) सिमसार व्यवस्थापन कार्यक्रम

### १. रामसार/सिमसार क्षेत्र व्यवस्थापन पुनस्थापना (Restoration)

**क्रियाकलाप:** रामसार सूचिकृत सिमसार तथा अन्य सिमसार क्षेत्रहरु दिनप्रतिदिन गुणस्तरमा ह्रास हुदै गइरहेको छ । यस क्षेत्रको माथिल्लो तटिय क्षेत्रबाट माटो बग्दै आई माटो थिग्रिकरण हुदै जानु, अतिक्रमण बढ्दै जानुका साथै मिचाहा प्रजाति लगायतका अनावश्यक घाँसहरुले ढाक्दै गइरहेको हुँदा यी सिमसार क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत, मिचाहा प्रजाति लगायतका घाँसहरु, माटोहरु झिकी हटाई सफा गर्ने, माटो बग्दै आएकोस्थानहरु रोक्नको लागि डयाम निर्माण गर्ने कार्यहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १२ लाख बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** चितवन, अन्नपूर्ण, कोशीटप्पु, पर्सा, बर्दिया, रारा र शुक्लाफाँटामा रहेका १६ वटा सिमसार क्षेत्रहरुको संरक्षण तथा पुनस्थापना भएको हुने ।

### २. रामसार साईटको Site Management Plan तयारी र प्रकाशन

**क्रियाकलाप:** रामसार महासन्धि अनुसार रामसारमा सूचिकृत भएका सिमसार क्षेत्र, रामसार साइटको साइट व्यवस्थापन योजना बनाउनु सम्बन्धित पक्ष राष्ट्र भएको दायित्व भएको हुनाले यो क्रियाकलापको व्यवस्था भएको हो ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८ लाख बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** रारा, गोसाईकुण्ड ताल, शे फोक्सुण्डो ताल र गोकियो तालको साइट व्यवस्थापन योजना तयार भई सोही अनुसार संरक्षण तथा व्यवस्थापन भएको हुने ।

### ३. रामसार/सिमसार संरक्षण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

**क्रियाकलाप:** रामसार/सिमसार संरक्षणका लागि जनचेतना अभिबृदी गर्ने खालका पर्चा,पोष्टर, पम्प्लेट, क्यालेन्डर प्रकाशन तथा वितरण गर्ने र ठाउं ठाउंमा होर्डिङवोर्डहरु राख्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट कार्य गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १२ लाख बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** संरक्षण सम्बन्धी चेतनामा अभिबृद्धि भएको हुने ।

### ४. रामसार/सिमसार संरक्षण सम्बन्धी संचार माध्यमबाट प्रचारप्रसार

**क्रियाकलाप:** रामसार/सिमसार क्षेत्रको आसपासमा रहेका स्थानीय बासिन्दालाई रामसार/सिमसार क्षेत्रका बारेमा रेडियो एफ.एम. तथा टि.भि. मार्फत सूचना एवं जानकारी गराउने उदेश्यले यस क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ८ लाख २० हजार बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** संरक्षण सम्बन्धी चेतनामा अभिबृद्धि भएको हुने ।

५. **संरक्षित क्षेत्रका सिमसार क्षेत्रहरुको अध्ययन र अभिलेखिकरण**

**क्रियाकलाप**: संरक्षित क्षेत्रमा रहेका सम्पूर्ण सिमसार क्षेत्रहरुको संरक्षण अवस्था, व्यवस्थापनका चुनौतिहरु लगायतका विषयमा अध्ययन गरी ती क्षेत्रहरुको नक्सांकन गरी अभिलेखीकरण गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन**: संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु. २१ लाख ८० हजार बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी**: अन्नपूर्ण, कोशीटप्पु, चितवन, पर्सा, बर्दिया, लामटाङ्ग, शुक्लाफाँटा, शेफोक्सुण्डो, सगरमाथामा रहेका सिमसारक्षेत्रहरुको अभिलेखीकरण भई अवस्था एकिन भएको हुने ।

## (उ) प्रकृतिमा आधारित पर्यटन कार्यक्रम

### १. विद्युतीय पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापन

**क्रियाकलाप**:संरक्षित क्षेत्र अवलोकनका लागि आउने पर्यटकहरुलाई संरक्षित क्षेत्र अवलोकन गर्नु अघि सो संरक्षित क्षेत्र सम्वन्धी जानकारी दिने र सो बाट उसको चाहना अनुरुपको विषयवस्तुमा अवलोकन गर्ने अवसर प्रदान गर्न संरक्षित क्षेत्रको मुख्य कार्यालयमा बिद्युतीय पर्यटक सूचना केन्द्र स्थापना गरी व्यवस्थापन गर्ने उदेश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत एउटा छुट्टै सूचना केन्द्र निर्माण गरिनेछ, जसमा कुर्सी, टेवुल सहितको कम्प्युटर सेट राखिनेछ। कम्प्युटर सेटमा निकुञ्जको सामान्य जानकारी देखि त्यहाँ पाइने मुख्य मुख्य वन्यजन्तु, वनस्पति लगायत सम्पूर्ण जैविक विविधता तथा सांस्कृतिक विविधताको सम्वन्धी सम्पूर्ण जानकारी उपलब्ध गराईनेछ। जसमा पर्यटकले आफ्नो चाहना अनुसारको विषय बस्तु हेर्न सक्नेछन् । साथै virtual अनुभव गर्ने खालका सामग्री समेत राखीनेछ। साथै बालबालिकालाई समेत रमाइलो हुने विषय वस्तुहरु पनि समेटिने छन् ।

**जनशक्ति व्यवस्थापन**: निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ । साथै प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट यो कार्य गरिनेछ ।

**बजेट व्यवस्थापन**:: यस कार्यका लागि रु. १ लाख ४० हजार बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी**: पर्सा र शुक्लाफाँटामा ४ वटा विद्युतीय पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापन भई कम्प्युटर सेटमा पर्यटकले आफ्नो इच्छा अनुसारको सूचना प्राप्त गर्न सक्ने ।

### २. प्रकृतिमा आधारित पर्यटन कार्ययोजना निर्माण

**क्रियाकलाप**: नेपालमा आउने पर्यटकहरुको प्रमुख गन्तब्य स्थान संरक्षित क्षेत्र हो | पर्यटनको थप सम्भावना भएका संरक्षित क्षेत्रहरु बृहत पर्यटन योजना बनाई पर्यटकीय कृयाकलापहरु सञ्चालन गरी थप पर्यटक भित्राउने र उनीहरुलाई थप व्यवस्थापन गर्ने उद्वश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो। उक्त योजना निर्माण गर्दा संरक्षित क्षेत्रमा वार्षिक पर्यटकको Flow, स्थानीय जनताको पर्यटक व्यवसायमा संलग्नाता, स्थानीय समुदायको आर्थिक र सामाजिक अवस्थालाई समेत ध्यानमा राख्नुपर्नेछ।

**जनशक्ति व्यवस्थापन**: संरक्षित क्षेत्र कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु. १०,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी**: पर्सा र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पर्यटकीय योजना निर्माण भई पर्यटन प्रवर्द्धनमा थप टेवा पुगेको हुने ।

### ३. संरक्षित क्षेत्रमा एकिकृत पर्यटन प्रवर्द्धन कार्यक्रम

**क्रियाकलाप**: नेपालमा आउने पर्यटकहरुको प्रमुख गन्तब्य स्थान संरक्षित क्षेत्र हो । संरक्षित क्षेत्रमा घुम्न आउने पर्यटकहरुले एकै स्थानबाट धेरै भन्दा धेरै वन्यजन्तु अवलोकन गराउने उद्देश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत घाँसेमैदान व्यवस्थापन, पोखरी निर्माणका साथै मचान निर्माण गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**: निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन**: यस कार्यका लागि रु. १५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलव्धी**: शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा एकिकृत पर्यटकीय पूर्वाधार निर्माण भई पर्यटकलाई वन्यजन्तु अवलोकनका लागि सहज भएको हुने ।

४. हात्तीको बाथटप निर्माण

**क्रियाकलाप:** संरक्षित क्षेत्रमा घुम्न आउने पर्यटकहरुलाई थप मनोरञ्जन दिनका लागि हात्तीले नुहाउने बाथटप निर्माण गरी सो स्थानमा हात्तीले नुहाएको दृश्य देखाउनको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नुका साथै सेवा प्रदायक संस्थाबाट पनि कार्य गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १५,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पर्सा राष्ट्रिय निकुञ्जमा हात्तीको बाथटप निर्माण भई पर्यटकलाई थप मनोरञ्जन प्राप्त भएको हुने ।

५. प्रकृति पथ प्रदर्शक (नेचर गाइड) तालिम

**क्रियाकलाप:** स्थानीय समुदायको क्षमता अभिबृद्धि मार्फत आयआर्जन एवं पर्यटनमा टेवा पुर्‍याउने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत प्रक्षिशक भत्ता, सहभागीको खाजा खर्च, सवारी खर्च लगायतमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. ४,५०,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** पथ प्रदर्शक तालिम प्राप्त भई आयआर्जनमा थप टेवा पुगेको हुने ।

६. पर्यटन सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

**क्रियाकलाप:** नेपालले आउने पर्यटकको मुख्य गन्तव्य संरक्षित क्षेत्र रहेको छ । संरक्षित क्षेत्रको बारेमा विभिन्न पोष्टर, बुकलेट तथा डकुमेन्टी मार्फत प्रचारप्रसार गरी पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. २,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** प्रचार प्रसार मार्फत पर्यटक संख्या अभिबृद्धि भएको हुने ।

७. धार्मिक एवं साँस्कृतिक सम्पदा संरक्षण

**क्रियाकलाप:** संरक्षित क्षेत्र भित्र रहेका धार्मिक स्थलहरुको मर्मत सम्भार गरी संरक्षण गर्ने र सांस्कृतिक सम्पदाको संरक्षण गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको छ । यस अन्तर्गत धार्मिक स्थलहरुको मर्मत सम्भार गर्ने, स्थानीय समुदायको संस्कृति जगेर्ना गर्ने कार्यहरु पर्दछन् ।

**जनशक्ति व्यवस्थापन:** निकुञ्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १२,००,०००। बजेट व्यवस्था रहेको छ ।

**उपलब्धी:** धार्मिक तथा साँस्कृतिक सम्पदा संरक्षण भएको हुने ।

७. मध्यवर्ती सामुदायिक वनलाई सहयोग अनुदान

**क्रियाकलाप:** मध्यवर्ती क्षेत्रमा रहेका जैविक विविधताको संरक्षण र स्थानीय समुदायको आयआर्जनमा सहयोग पुर्‍याउने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको छ । यस अन्तर्गत जैविक विविधता संरक्षणका कार्यहरु, जिविकोपार्जनसँग सम्बन्धित वन तथा प्रकृतिमा आधारित उद्यमहरु, पर्यटन प्रवर्द्धनका कार्यहरुका लागि अनुदान सहयोग पर्दछन् ।

**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १२,००,०००। बजेट व्यवस्था रहेको छ ।
**उपलब्धी:** धार्मिक तथा साँस्कृतिक सम्पदा संरक्षण भएको हुने ।

### ८. होमस्टे संचालन सहयोग अनुदान

**क्रियाकलाप:** संरक्षित क्षेत्र अवलोकनका लागि आउने पर्यटकहरुलाई संरक्षित क्षेत्र नजिक वास वस्ने तथा खाने सुविधा उपलव्ध गराउन स्थानीय / मध्यवर्ती क्षेत्रका वासिन्दालाई होमस्टे संचालन गर्न अभिप्रेरित गर्ने उद्देश्यले यस क्रियाकलापको व्यवस्था गरिएको । यस अन्तर्गत होमस्टे संचालन गर्ने व्यक्ति वा समूहसंग होमस्टेमा हुनु पर्ने सुविधाहरु र ती मध्ये संरक्षित क्षेत्रले सहयोग गर्ने विषयका बारेमा दुई पक्षिय संझौता गरिनेछ, संरक्षित क्षेत्रले गर्ने सहयोगमा शौचालय निर्माण तथा मर्मत, सरसफाई तथा अतिथि स्वागत सम्बन्धी तालिम, फोहोर मैला व्यवस्थापनको लागी खाडल निर्माण वा टोकरी वा प्लाष्टिकको बिर्को सहितका भाँडा, साईनबोर्ड, पर्यटक बस्ने गोलघर, वेडहरु, कुर्सी वा वेन्ची निर्माण तथा खरिद जस्ता कार्यहरुको मात्र अनुदान सहयोग उपलव्ध गराईनेछ ।

**जनशक्ति व्यवस्थापन:** निकुन्ज कार्यालयले आफ्नो जनशक्ति परिचालन गर्नेछ ।
**बजेट व्यवस्थापन:** यस कार्यका लागि रु. १६ लाख बजेट व्यवस्था रहेको छ ।
**उपलब्धी:** ८ वटा होमस्टे संचालन भई स्थानीय समुदायको आयआर्जनमा टेवा पुगेको हुने ।